जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २३० • २०८१ साल माघ २ गते बुधबार (15 January, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## लुज-एलायन्सप्रति असन्तुष्ट जसपा नेपाल

**टुडे समाचारदाता**

काठमाण्डु । मधेश केन्द्रित दलहरुको मोर्चाबन्दीको तयारी थालिएसंगै जसपा नेपालले आफ्नो असन्तुष्टि जनाएको छ ।

मधेश प्रदेशको मुख्य घटकको रूपमा रहेको उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल मंगलबार भएको मधेश केन्द्रित दलहरुको मोर्चाको बैठकमा सहभागी भएनन् ।

हृदयेश त्रिपाठीसहित केही साना दलहरूको प्रयासमा मोर्चाबन्दीको तयारी भइरहेको बेला औपचारिक बैठकमा जसपा नेपालको प्रतिनिधिको अनुपस्थितिलाई आश्चर्यको रूपमा हेरिएको छ । तर केही दिनअघिसम्म जसपा नेपालका नेताहरूले मोर्चाबन्दीमा सहभागी हुने बताइरहेका थिए ।

कार्यदलको पहिलो बैठकमै अनुपस्थिति हुँदा उपेन्द्र यादवले अर्को मोर्चाबन्दी गर्न खोजेका चर्चा परिचर्चा हुन थालेको छ । जसपा नेपालको अनुपस्थितिलाई दुईवटा कारणको रूपमा अर्थ्याइएको नेताहरुबीच चर्चा भएको जनाइएको छ ।

नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीसहितको पुरानै समाजवादी मोर्चामा सहभागी हुने यादवको इच्छाका कारणले नआएका हुन सक्ने आँकलन समेत गरिएको छ । अर्को कारण जसपा विभाजन गर्ने अशोक राईको समूह पनि सो मोर्चामा सहभागी हुने भएपछि यादव नआएको हुन सक्ने पनि बताइएको छ ।

### लुज-एयलाइन्स गठन गर्ने सहमति

# संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा ब्यूत्याइँने तयारी

**टुडे समाचारदाता**

काठमाण्डु । सत्तारुढ नेपाली कांग्रेस र नेकपा (एमाले) नेतृत्वको सरकारले संविधान संशोधन गर्ने चर्चासँगै मधेश केन्द्रित दलहरू मोर्चाबन्दीमा जुटेसंगै लुज-एयलाइन्स गठन गर्ने सहमति भएको छ ।

विभिन्न कालखण्डमा भएका अधिकार प्राप्तिको आन्दोलनबाट प्राप्त उपलब्धि र सीमान्तकृत वर्गको अधिकार रक्षाका लागि भन्दै मधेश केन्द्रित दलहरू मोर्चाबन्दी ब्यूत्याइँने तयारीस्वरुप लुज-एयलाइन्स गठनको अवस्थामा पुगेका छन् ।

आन्तरिक विवाद र नेतृत्व हत्याउनकै लागि फुटाएर गएका मधेश केन्द्रित नेताहरूलाई संविधान संशोधनले एक ठाउँमा ल्याउने देखिएको छ । अहिले संसद्भित्र र संसद्बाहिर १० वटा मधेश केन्द्रित राजनीतिक दल सक्रिय रहेका छन् । संविधान संशोधनबारे साझा धारणा बनाउन केही मधेश केन्द्रित दलहरूले वार्ता समिति समेत गठन गरी पहलकदमी थालेको थियो । मधेश केन्द्रित दलहरूको बैठकबाट लुज-एयलाइन्स बनाउने सहमति भएसंगै एकअर्कालाई होच्याउने गरी तत्कालन नजाने मनस्थितिमा समेत नेताहरु पुगेका छन् ।

संघीय संसद्का र संसद् बाहिर रहेका तराई-मधेश केन्द्रित दलहरूले मंगलबार लुज-एयलाइन्स बनाउने सहमति गरेको जनमत पार्टीका प्रवक्ता शरदसिंह यादवले जानकारी दिए ।

प्रवक्ता यादवले भने, 'आज बसेको बैठकबाट लुज-एयलाइन्स बनाउने सहमति भएको छ । यसका थप उद्देश्य र प्राथमिकता निर्धारण गरेर मोर्चासम्म पनि पुग्न सक्छ', जनप्रगतिशील पार्टीका उपाध्यक्ष शिवजी यादवले भने, 'आजको बैठक फलदायी भएको छ । अब आ-आफ्ना अध्यक्षसँग छलफल गरेर दुई हप्तापछि फेरि बस्ने निर्णय गरेका छौं ।'



उनले आ-आफ्ना पार्टीमा विभिन्न दलका नेताहरू सहभागी भएर मोर्चाको खाका, उद्देश्य र साझा एजेन्डाबारे छलफल गर्ने सहमति समेत जुटेको बताए ।

मधेश केन्द्रित राजनीतिक दलहरुको कार्यदलस्तरीय बैठकमा सरकारको काम र आगामी रणनीतिको विषयमा छलफल भएको जनता प्रगतिशील पार्टी नेपालका अध्यक्ष हृदयश त्रिपाठीले बताए । सो बैठकबाट संविधान संशोधन गर्दा मधेशको मुद्दालाई सशक्त रुपमा सम्बोधन गर्नुपर्ने भएकाले साझा धारणा बनाएर अघि बढ्ने सहमति भएको बताए ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका महासचिव डा. सुरेन्द्रकुमार झाले संयुक्त लोकतान्त्रिक मधेशी मोर्चालाई पुरानै अवस्थामा फर्काउन संवादको थालनी भएको जानकारी दिए । मंगलबार सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै महासचिव डा. झाले संविधान संशोधन मधेशवादी दलहरूको समेत एजेन्डा रहेको उल्लेख गर्दै साझा धारणा बनाउन समिति गठन गरिएको प्रस्ट्याए ।

संविधान संशोधन सरकारको मुख्य कार्यभार भएकै कारण लोकतान्त्रिक समाजवादी पार्टी नेपाल सरकारमा सहभागी भएको उनले बताए । उनले संविधान संशोधनका सम्बन्धमा मधेश केन्द्रित दलहरू एक ठाउँमा आउन जरुरी रहेको बताए । कांग्रेसका केही नेताहरूले संविधान संशोधनमार्फत दुई दलीय व्यवस्था ल्याउनुपर्ने तर्कहरू गरिरहेको बताउँदै आफूहरूलाई स्वीकार्य नहुने उनले दाबी गरे । उनले संविधानले नै बहुलवादलाई अँगालेको उल्लेख गर्दै प्रतिगमनमा जाने गरी संशोधन हुनु मुलुकको लागि घातक रहेको बताए ।

मधेशी एकता समाजको बैठकअघि स्वतन्त्र सांसद अमरेशकुमार सिंहले वर्तमान सरकारले सीमान्तकृत समुदायको अधिकार कटौती गरिरहेको आरोप लगाएका छन् । उनले राज्यका निकायहरुमा सीमान्तकृत समुदायको प्रतिनिधित्व कम भइरहेको उल्लेख गर्दै वर्तमान सरकारबाटै वर्तमान व्यवस्था र संघीयतामाथि खतरा रहेको बताए ।

उनले जनताको अधिकार तथा कुनै पनि बहानामा कुण्ठित गर्न नपाइने बताए । उनले वर्तमान सरकार भागबन्डाको राजनीति गरिरहेको आरोप लगाए ।

मधेश केन्द्रित दलहरुको बैठकबाट विभिन्न पार्टीहरुका लागि लुज-एलाइन्स गर्ने निर्णय भएपछि अन्य दलहरु पनि सो एलायन्समा सहभागी हुने जनाइएको छ ।

प्रभु साह नेतृत्वको आम जनता पार्टीसंग पनि लुज-एलाइन्सबारे छलफल भइरहेको प्रवक्ता यादवले बताए । तर यस बारे आजपाका अध्यक्ष साहले भने अहिलेसम्म केही प्रतिक्रिया दिएका छैनन् । सो बैठकमा सांसद सिंहले लुज-एयलाइन्स बनाउने कुरामा सकारात्मक रहेका छन् ।

यस्तै उपेन्द्र यादवको जसपा नेपालबाट राजकिशोर यादव सहभागी हुने भनिए पनि भारत गएकाले सहभागी नभएको जनाइएको छ ।

सो बैठकमा अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीबाट रेणु यादव र मोहम्मद इस्तियाक राई, लोकतान्त्रिक समाजवादी पार्टी नेपालबाट वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनल, महासचिव सुरेन्द्र झा, जनमत पार्टीबाट प्रवक्ता शरद यादव, जनता प्रगतिशील पार्टी नेपालका अध्यक्ष हृदयश त्रिपाठी, जनप्रगतिशील पार्टीबाट शिवजी यादव, राष्ट्रिय मुक्ति पार्टीबाट केशव झा, तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लाल, स्वतन्त्र सांसद अमरेश कुमार सिंह सहभागी रहेका थिए ।

यस्तै उपेन्द्र यादवको जसपा नेपालबाट राजकिशोर यादव सहभागी हुने भनिए पनि भारत गएकाले सहभागी नभएको जनाइएको छ ।







# मधेशमा सुरु भयो 'लाई' खाने मौसम



महोत्तरी । मंगलबार सौरमास गणनाले माघे सङ्क्रान्ति।मधेशका महोत्तरीसहितका जिल्लामा तिलासक्रायत (तिलासङ्क्रान्ति) पर्वको रौनक छ।

मधेशमा यो पर्वसँगै ' लाई' अर्थात तील, चिउरा, मुरी, लट्टे र जुनेलो भुटेर सक्खरको खुँदोमा मिलाएर बनाइने लड्डू खाने मौसम सुरु भएको छ । मधेशमा तिलासक्रायत अर्थात् माघेसङ्क्रान्ति पर्वपछि हिउँदभरि खाजामा 'लाई' खाने चलन छ।

तिलासक्रायत आपसी भेटघाट र सद्भावसँग जोडिएको पर्व हुँदा यसमा एकअर्कोलाई डाकेर सँगै 'लाई', मुरी, चिउरा खाने ख्वाउने चलन छ। यो पर्वको 'सनेस' (कोसेली) पनि 'लाई' लाने चलन छ । यस चलनले केही सातासम्म घरघरै 'लाई' बनाउने क्रम चल्ने महोत्तरीको भङ्गाहा-५ भूचक्रपुरका ६५ वर्षीय दीपनारायण चौधरी बताउनुहुन्छ।

विवाहित छोरीचेली, मितमितिनी र दोहोरो 'नौतपिहान' (इष्टमित्र)कहाँ 'सनेस' पठाउने परम्परा छ । यो क्रम आगामी केही दिनसम्म जारी रहन्छ । पर्व मनाई सकिए पनि मधेशका गृहिणीलाई अझै केही दिन 'लाई' बनाउने चटारो हुने मटिहानी-७ का बासिन्दा ७० वर्षीय रामकुमार मण्डल बताउनुहुन्छ । मधेशका आठै जिल्लामा रहेको यो चलनले तिलासक्रायत पर्व आपसी भेटघाटको माध्यम पनि बनेको मण्डल स्पष्ट पार्नुहुन्छ।

यो चलन यहाँको संस्कृतिको रुपमा रहेको बर्दिबास-६ चौलिखास्थित जनहित नन्दलाल माध्यमिक विद्यालयका प्रधानाध्यापक दिलीपकुमार तिवारीले बताउनुभयो।

'लाई' मजाले चपाएर खाइने हुँदा यसले पाचनक्रिया सहज बनाउनुको साथै सक्खरको सम्मिश्रणले तत्काल ऊर्जा दिने हुँदा स्वास्थ्यका दृष्टिले उत्तम खाजा भएको बर्दिबास अस्पतालका मेडिकल अधिकृत डा सुदीपकुमार ठाकुरको भनाइ छ।रासस

# माँ जानकी जनकपुरधाम यातायातको मतपरिणाम सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । माँ जानकी जनकपुरधाम यातायात प्रालिको मतपरिणाम सार्वजनिक भएको छ।

जस अनुसार निवर्तमान



अध्यक्षसमेत रहेका मनोजकुमार चौधरीसहितको प्यानल निर्वाचित भएको छ।

चौधरीले सबैभन्दा बढी ९८ मत प्राप्त गरी विजयी भएको प्रमुख निर्वाचन अधिकृत विजयकुमार ठाकुरले जानकारी दिए।

त्यस्तै चौधरीसंगै विजयकुमार यादवले ८२ मत, अशोककुमार साह ८२ मत, नरेश साह ६२ मत, सुनिल कुमार मिश्रले ५९ मत, मोहनकुमार पाण्डेय ८१, हरीशंकर प्रसाद यादव ७२ मत, रोशनकुमार साह ७१, रुपेश कुमार चौधरी ५२ मत, रामसुशील मिश्र ५२ मत र कामेश्वर ठाकुरले ६५ मत ल्याइ निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत ठाकुरले बताए।

## बजेट अर्धवार्षिक समीक्षाः

# आम्दानी ३९ र खर्च ३५ प्रतिशत





काठमाण्डु । चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिमा सरकारको आम्दानी र खर्च निकै कमजोर देखिएको छ । महालेखा नियन्त्रक कार्यालयकाअनुसार पुस मसान्तसम्ममा सरकारले वार्षिक लक्ष्यको ३९ प्रतिशत आम्दानी र ३५ प्रतिशत खर्च गरेको छ।

सरकारले चालु आर्थिक वर्षका लागि रु १८ खर्ब ६० अर्ब ३० करोड ३० लाखको बजेट ल्याएको थियो । पुस मसान्तसम्ममा रु छ खर्ब ६७ अर्ब ६० करोड १९ लाख बराबर खर्च भएको छ । यो अवधिको खर्च वार्षिक लक्ष्यको ३५ दशमलव ८९ प्रतिशत हो।

चालुगत शीर्षकमा रु ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख बजेट छुट्याइएकोमा हालसम्म ३९ दशमलव ६३ प्रतिशत अर्थात् रु चार खर्ब ५२ अर्ब खर्च भएको छ।

पुँजीगत शीर्षकको खर्च झनै कमजोर छ। यो शीर्षकमा रु तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख वार्षिक बजेट विनियोजन भएकोमा पुस मसान्तसम्ममा १६ दशमलव १६ प्रतिशत अर्थात् रु ५६ अर्ब ९३ करोड ५० लाख बराबर मात्र खर्च भएको छ।

वित्तीय व्यवस्था शीर्षकको हालसम्मको खर्च ४३ दशमलव दुई प्रतिशत छ। यो शीर्षकमा रु तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख बराबर बजेट विनियोजन भएकोमा हालसम्म रु एक खर्ब ५८ अर्ब ६६ करोड ३९ लाख बराबर खर्च भएको छ।

सरकारले चालु आर्थिक वर्षमा रु १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख राजस्व उठाउने लक्ष्य राखेको छ। गत पुस मसान्तसम्ममा रू पाँच खर्ब ७४ अर्ब ७६ करोड ७९ लाख राजस्व उठेको छ। यो वार्षिक लक्ष्यको ३९ दशमलव ०६ प्रतिशत हो। कर राजश्वतर्फ ३८ दशमलव ११ प्रतिशत अर्थात् रु चार खर्ब ८९ अर्ब ३९ करोड ९२ लाख र गैरकर राजस्वतर्फ ५१ दशमलव ९७ प्रतिशत अर्थात् रु ७० अर्ब २० करोड ८२ लाख सङ्कलन भएको छ।

सरकारले चालु आर्थिक वर्षका लागि रु ५२ अर्ब ३२ करोड ६५ लाख वैदेशिक अनुदान सहायता लिने लक्ष्य लिएकामा हालसम्म रु सात अर्ब ३७ करोड छ लाख बराबर वैदेशिक सहायता प्राप्त भएको छ।रासस

# वित्तीय संस्थाद्वारा मधेसका औद्योगिक क्षेत्रमा कर्जा प्रवाहमा वृद्धि

वीरगञ्ज । मधेस प्रदेशको औद्योगिक क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले आर्थिक वर्ष २०८०/८१ मा रु एक खर्ब २१ अर्ब ८७ करोड कर्जा प्रवाह गरेका छन्।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आव २०८०/८१ को प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन (मधेस प्रदेश)अनुसार आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा बैंक तथा वित्तीय संस्थाले मधेसका औद्योगिक क्षेत्रमा ११ दशमलव दुई प्रतिशतले कर्जा प्रवाह बढाएका छन्।

बैंक तथा वित्तीय संस्थाले आव २०७९/८० मा यहाँका औद्योगिक क्षेत्रमा रु एक खर्ब नौ अर्ब ५९ करोड कर्जा प्रवाह गरेका थिए । राष्ट्र बैंकको प्रतिवेदनअनुसार मधेस प्रदेशको उद्योग क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये गैरखाद्यवस्तु उत्पादन उद्योगतर्फ ५३ दशमलव ६८ प्रतिशत रहेको छ।





त्यसैगरी कृषि, वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ ३४ दशमलव ५५ प्रतिशत, धातुको उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक्स एवं धातुका सामानको उत्पादनतर्फ चार दशमलव ४७ प्रतिशत रहेको छ । त्यसैगरी निर्माण उद्योगतर्फ पाँच दशमलव ६७ प्रतिशत, खानी उद्योगतर्फ एक दशमलव २५ प्रतिशत र विद्युत्, ग्यास तथा पानी उद्योगतर्फ शून्य दशमलव ४६ प्रतिशत कर्जा प्रवाह भएको राष्ट्र बैंकले जनाएको छ।

राष्ट्र बैंकका अनुसार आव २०८०/८१ म मधेस प्रदेशमा औद्योगिक क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा बढी कर्जा पर्सामा ६३ दशमलव ४९ प्रतिशत अर्थात् रु ७७ अर्ब ३७ करोड कर्जा प्रवाह भएको छ । मधेस प्रदेशमा सबैभन्दा धेरै उद्योग पर्सामा रहेकाले सबैभन्दा बढी औद्योगिक कर्जा प्रवाह पनि पर्सामा भएको देखिन्छ।

यस्तै, दोस्रो धेरै औद्योगिक कर्जा प्रवाह हुने जिल्ला धनुषा रहेको छ । सो जिल्लामा नौ दशमलव ४४ प्रतिशत अर्थात् रु ११ अर्ब ५० करोड कर्जा प्रवाह भएको छ । बारा जिल्लामा रु सात अर्ब ३१ अर्ब, सिराहामा रु छ अर्ब १० करोड, सर्लाहीमा रु छ करोड ४८ करोड, महोत्तरीमा रु पाँच अर्ब ५१ करोड, रौतहटमा रु चार अर्ब ५८ करोड र सप्तरीमा भने सबैभन्दा कम अर्थात् रु दुई अर्ब ९८ करोड रकम औद्योगिक क्षेत्रमा कर्जा प्रवाह भएको छ।रासस

# सुशासन, विकास र शान्ति नेपालीको अभीष्ट हो:राष्ट्रपति

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले मुलुक सामु विद्यमान समस्या समाधान गर्दै सबैलाई एकजुट भएर अघि बढ्न आव्हान गर्नुभएको छ। माघीका अवसरमा राष्ट्रपति भवनमा मंगलबार आयोजित चियापान कार्यक्रममा उहाँले सुशासन, विकास र शान्ति नेपालीको अभीष्ट भएको बताउनुभयो।



राष्ट्रपति पौडेलले हाम्रो संविधान र सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीको मूल लक्ष्य पनि देशमा सुशासन, विकास र शान्ति कायम गर्नु नै हो भन्नुभयो। उहाँले विभिन्न जातजातिले उत्सवका रुपमा मनाउने यस प्रकारका पर्वले नेपालीबीच आपसी प्रेम, भ्रातृत्व तथा मेलमिलापको भावना अभिवृद्धि गर्दै सबैलाई एकताको सूत्रमा बाँध्न र राष्ट्रिय एकतालाई सुदृढ गराउन योगदान दिने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाबाल, पूर्व राष्ट्रपतिद्वय रामवरण यादव र विद्यादेवी भण्डारी, पूर्वप्रधानमन्त्रीहरु, उपप्रधानमन्त्री, मन्त्री, सांसदलगायत उपस्थित हुनुहुन्थ्यो।रासस

# नेपालीहरुबीच सुमधुर सम्बन्ध कायम गर्न चाडपर्व उपयोगी

काठमाण्डु। नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले चाडपर्वले



नेपालीहरूका बीचमा सुमधुर सम्बन्ध कायम गर्न सघाउनाका साथै अनेकतामा एकता कायम गरी राष्ट्रिय भावनाको जगेर्ना गर्न महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नुभएको छ।

'मकर सङ्क्रान्ति/माघे सङ्क्रान्ति'का अवसरमा शुभकामना व्यक्त गर्दै उहाँले यस पर्वलाई नेपालका विभिन्न जातजातिले विशेष पर्वका रुपमा मनाउँदै आएको बताउनुभएको छ । भौगोलिक, जातीय र सांस्कृतिक विविधता रहेको नेपालमा मनाइने यस्ता पर्वले सामाजिक सद्भाव बढाउँदै सबै जातजाति, धर्म, वर्ग र पेसा अवलम्बन गर्ने उहाँको भनाइ छ।

सभापति देउवाले यस दिनलाई विशेष पर्वका रूपमा मनाउने थारू समुदायलगायत अन्य समुदायका सम्पूर्णमा पार्टी र आफ्नोतर्फबाट सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्नुभएको छ।रासस

# माघी पर्वले सद्भाव कायम गर्नमा महत्वपूर्ण भूमिका: उपसभामुख राना

काठमाण्डु। प्रतिनिधिसभाका उपसभामुख इन्दिरा रानाले माघे सकराँती/माघी पर्वले सबै जातजाति तथा समुदायका बीचमा सामाजिक, सांस्कृतिक सद्भाव एवं भावनात्मक एकता कायम गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभएको छ।

उपाध्यक्ष रानाले मंगलबार शुभकामना सन्देश जारी गर्दै थारू समुदायको महान् चाड माघी पर्व तथा मगर समुदायलगायत अन्य समुदायले मनाउने चाड माघे सङक्रान्ति (मकर सङ्क्रान्ति) का अवसरमा सबैमा सुख, शान्ति र समृद्धिका लागि शुभकामना व्यक्त गर्नुभएको हो।



"हाम्रा विविध सांस्कृतिक चाडपर्व, संस्कार एवं परम्पराले आ-आफ्नो समुदायको विशिष्ट पहिचान दिलाएका छन्", शुभकामना सन्देशमा उहाँले भन्नुभएको छ, "मगर, थारूलगायत समुदायले मनाउने यस पर्वले सांस्कृतिक, धार्मिक र ऐतिहासिक पक्षको संरक्षण मात्रै गरेको छैन, विविध जातजाति र समुदायका बीचमा सद्भाव कायम गर्न विशिष्ट भूमिका निर्वाह गरेको छ।"रासस

# 'सबै समुदायका परम्परा र संस्कृतिको संरक्षण गर्नुपर्छ'

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले मुलुकमा सबै जाति तथा समुदायको संस्कृतिले समग्र नेपालीलाई सांस्कृतिक रूपमा एकताबद्ध बनाउन सहयोग पुर्याएको बताउनुभएको छ।

माघे सङ्क्रान्ति एवं माघी पर्वको शुभकामना सन्देशमा उहाँले फरक जातजाति, भाषाभाषी मिलेर बनेको मुलुकमा विविधतामा एकता हुनु जरुरी छ भन्नुभयो । अध्यक्ष नेपालले थारू समुदायले माघी पर्वलाई नयाँ वर्षका रूपमा मनाएर नयाँ आर्थिक कारोबार सुरु गर्ने जनाउँदै मगर समुदायलगायतले माघे सङ्क्रान्तिका रूपमा पवित्र नदीमा स्नान गरी मन्दिरमा पूजाअर्चना गर्ने परम्परा रहिआएको मौलिक संस्कृतिको संरक्षणबाट नेपाल विश्वमा नै विविधतामा एकता भएको देशका रूपमा परिचित रहेको विचार व्यक्त गर्नुभयो।

देश-विदेशमा रहेका सम्पूर्ण नेपालीको सुस्वास्थ्य, दीर्घायु तथा सुख शान्तिको कामना गर्दै उहाँल शुभकामना सन्देशमा देशमा सबै जातजाति वेशभूषाको पहिचानलाई राज्यले समानता प्रदान गर्नुपर्ने उल्लेख गर्नुभयो।

अध्यक्ष नेपालले लड्डु, घ्यू, चाकु, तरुल तथा खिचडीलगायत परिकार खाई परिवारसँग रमाइलो गर्ने प्रचलन रहेको यस पर्वले सबै समुदायमा उमङ्ग र उत्साह प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो । पूर्वप्रधानमन्त्री समेत रहनुभएका अध्यक्ष नेपालले सन्देशमा राज्यले विविधताको संरक्षण गरी सबै समुदायका परम्परा र संस्कृतिको संरक्षण गर्नुपर्नेमा जोड दिँदै समुदायका ऐतिहासिक सम्पदा संरक्षणमा सबै एकजुट हुनुपर्ने बताउनुभयो।रासस

## ज्योतिष-मार्गदर्शन



प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : दिन राम्रो छ । सोचेका काम बन्नेछन् ।

वृष :प्रतिकार गरेर बोल्ने बानीले अप्ठेरो परिस्थितिको हुन सक्छ ।

मिथुन : साना कुराले मन अशान्त बन्नेछ ।

कर्कट : राज्यको सेवामा भए महत्त्वपूर्ण काम बन्नेछ ।

सिंह :साथीभाइलेसचेत भएर काम गर्नुपर्नेछ ।

कन्या : साथीभाइ र आफन्तको साथ मिल्नेछ ।

तुला : अनुत्पादक क्षेत्रमा खर्च बढ्नेछ ।

वृश्चिक : आम्दानीका दृष्टिले दिन राम्रो छ ।

धनु : दिन राम्रो छ । साथीको साथ र प्रशंसा प्राप्त गर्ने योग छ


मकर : तपाईंले कला र गलाको प्रदर्शन गर्ने दिन हो ।

कुम्भ : साना कुराले मनमा झन्झट थप्नेछ ।

मीन : साथीले सकारात्मक व्यवहार देखाएकाले तपाईंलाई हुने

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्श लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



जनकपुरधामको देवीचोक बाटो छेउमै रहेको फोहोरको डङ्गुर, डम्पिङ साइटमा परिणत हुँदैछ। *तस्विर : संजय कुमार यादव*

# सञ्चारमाध्यमले निष्पक्षतापूर्वक समाचार सम्प्रेषण गर्नुपर्ने

काठमाण्डु । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवराज अधिकारीले सूचना प्रणालीलाई बलियो बनाउँदै सत्य र निष्पक्ष जानकारी प्रवर्द्धन गरी समाजलाई दिगो, न्यायसङ्गत र समावेशी बनाउनुपर्नेमा जोड दिनुभएको छ।

यहाँ मंगलबार आयोजित सार्वजनिक सेवा प्रसारण नेपालको पूर्वारम्भ कायक्रममा उहाँले भन्नुभयो, “सूचनाले व्यक्तिलाई सशक्त, सही निर्णय गर्न सक्षम बनाउँछ र सूचना भनेको ज्ञानको संवाहक हो।” उहाँले सूचना लोकतान्त्रिक मूल्य मान्यता र समाजको समृद्धिको आधारशिलासँग जोडिएको बताउँदै सत्य सूचनाले जनताको आधारभूत अधिकार प्राप्त गर्न सहयोग पुग्ने बताउनुभयो।

सार्वजनिक सेवा प्रसारणले सूचनाको पहुँचलाई विश्वसनीय र सन्तुलित बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने उहाँको विश्वास छ। “सूचना-अधिकार, केवल कानुनी अधिकार होइन; यो एक मौलिक मानव अधिकार हो”, उपाध्यक्ष अधिकारीले भन्नुभयो। उहाँले असमान सूचना प्रवाह वा पहुँचबाट समाजमा ठूलो प्रभाव पर्ने धारणा राख्नुभयो।

त्यसैगरी सोही कार्यक्रममा सञ्चार तथा सुचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले सार्वजनिक सेवा प्रसारण ऐनमा तोकिएको काम, कर्तव्य र अधिकार अनुसार प्राथमिकताका साथ काम गर्न निर्देशन दिनुभएको छ। उहाँले सार्वजनिक सेवा प्रसारणको मुलभूत सिद्धान्त बमोजिम काम गर्नुपर्नेमा जोड दिनुभयो।

७४ बर्षे इतिहास बोकेको रडियो नेपाल र ४० वर्षको इतिहास बोकेको नेपाल टेलिभिजनको आफ्नै महत्व रहेको बताउँदै उहाँले सार्वजनिक सेवा प्रसारण नेपालको मर्म अनुरुप काम गर्नुपर्ने बताउनुभयो।

सार्वजनिक सेवा प्रसारण (पिएसबी) नेपालका अध्यक्ष डा महेन्द्र विष्टले पीएसबी संस्था समृद्ध राष्ट्र निर्माणको संवाहक बन्ने बताउनुभयो ।

“रेडियो नेपाल र नेपाल टेलिभिजनले मुलुकको समृद्धि, कला संस्कृतिको प्रवर्द्धनमा महत्त्वपुर्ण योगदान पु-याउँदै आएको छ, रेडियो र टिभीलाई नयाँ स्वरुपमा परिवर्तन गर्दै दुवै संस्थाको अस्तित्वलाई थप बलियो बनाइने छ”, उहाँले भन्नुभयो।

रेडियो नेपाल र नेपाल टेलिभिजनबीच एकीकरण गरी सार्वजनिक सेवा प्रसारणमा रुपान्तरण गर्ने गरी सावर्जनिक सेवा प्रसारण सेवासम्बन्धी ऐन, २०८१ असोज २२ गते प्रमाणिकरण भई त्यसको ३१औं दिन अर्थात् २०८१ कात्तिक ३० गतेदेखि पूर्ण रुपमा कार्यान्वयनमा आएको छ।रासस

# ढुङ्गेधारामा बाह्रै महिना पानी झार्ने महानगरको योजना



ललितपुर । ललितपुरका प्राचीन धरोहर लिच्छवीकालीन ढुङ्गेधारामा बाह्रै महिना पानी झार्ने योजना शीघ्र कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै ललितपुर महानगरपालिकाले लगनखेलबाट टीकाभैरवसम्म राजकुलो पुनःनिर्माण सुरु गरेको छ।

राजकुलो विस्तारका लागि महानगरले रु २२ करोड बजेट छुट्याएको छ। महानगरका प्रमुख चिरिबाबु महर्जनले लगनखेलबाट टीकाभैरवसम्मको१४.२किलोमिटर राजकुलो विस्तार जारी रहेको तथा हालसम्म रु छ करोडको लागतमा तीन दशमलव ४४ किलोमिटर कुलो खनिएको जानकारी दिनुभयो। विसं २०२७ सालमा चक्रपथ विस्तार गर्ने क्रममा कुलो मासिएको उहाँले बताउनुभयो।

लगनखेलको सप्ताताल पोखरी पुनः निर्माण गरी राजकुलोको पानी त्यहाँ जम्मा गरिने र त्यहाँबाट आसपासका ढुङ्गेधारामा पानी झार्ने महानगरको योजना उहाँले सुनाउनुभयो । महानगरप्रमुख महर्जनका अनुसार ललितपुरमा हालसम्म ५० भन्दाबढी ढुङ्गेधारा छन्।

आल्को हिटी, कोन्टी हिटी, च्यासः हिटी, टङ्ग हिटी, पुच्व हिटी, जावलाखेल हिटी, लगनखेल हिटी, गइटल हिटी र मङ्गल हिटी सातौं शताब्दीमा निर्माण भएका हुन् । मङ्गल हिटीमा बाह्रैमास पानी आउने गरेको छ। ललितपुर महानगरपालिका-६ सुन्धाराका सन्तमान महर्जन ढुङ्गेधारामा बाह्रै महिना पानी ल्याउने योजना चाँडोभन्दा चाँडो कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुहुन्छ।

ललितपुर महानगरपालिका-६ र वडा नं १७ मा पर्ने सुन्धारा टोलमा अवस्थित लिच्छवीकालदेखिको ऐतिहासिक सुन्धारा (लँ हिति) अहिले सुकेको छ। तीनवटा धारा रहेको सुन्धारामा सात महिना मात्रै पानी आउने स्थानीय राज श्रेष्ठ बताउनुहुन्छ।

ललितपुरको सम्पदा र पहिचान जोगाउन ‘ऐतिहासिक ढुङ्गेधारा संरक्षण गर्नु सबैको दायित्व’ निर्वाह गर्नुपर्ने ठानेर २०६५ सालमा ललितपुर महानगरपालिका र स्थानीय जनसमुदायले लँ हिटी पुनःनिर्माण गरेका थिए । पुनः निर्माणपश्चात बाह्रैमास धारामा पानी झरे पनि केही वर्ष यता पानी आउन छाडेको छ।

ललितपुरका स्थानीय राजकुलो भत्काएर विभिन्न संरचना निर्माण गरिँदा ऐतिहासिक ढुङ्गेधारा सुक्ने अवस्थामा पुगेको बताउँछन्।

ललितपुर महानगरपालिका-६ का स्थानीय रमेश श्रेष्ठ घर तथा सडक निर्माण गर्दा राजकुलो जोगाउनुपर्ने बताउनुहुन्छलिच्छिवीकालदेखिकोइतिहास बोकेका ढुङ्गेधारा संरक्षण गर्नु ललितपुर महानगरसहित जिम्मेवार निकायले ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो।रासस

# ‘बेलायतसँग भएको सन्धीले नेपाललाई सार्वभौम राष्ट्रका रूपमा चिनायो’

काठमाण्डु। नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले सन् १९२३ मा नेपाल र संयुक्त अधिराज्य बेलायतबीच भएको शान्ति तथा मैत्री सन्धीले नेपाललाई एउटा स्वतन्त्र र सार्वभौम राष्ट्रका रूपमा विश्वसामु चिनाएको उल्लेख गर्नुभएको छ।

बेलायतको संसद् भवन (वेस्ट मिन्स्टर) मा मंगलबार आयोजित ‘नेपाल-बेलायत सम्बन्ध’ विषयक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले नेपाललाई विश्वसामु स्वतन्त्र र सार्वभौम राष्ट्र मान्ने बेलायतको उक्त कदमप्रति आभार प्रकट गर्नुभएको उहाँका प्रमुख स्वकीय सचिव दिनेशचन्द्र थपलियाले जानकारी दिनुभयो।

“आजको यहाँहरूको यो कार्यक्रमको उपस्थिति हाम्रो बलियो मित्रताको जग भएको मेरो विश्वास छ”, नेता कोइरालाले भन्नुभयो, “शताब्दी लामो हाम्रो सम्बन्धका बारेमा यहाँ आएर चर्चा गर्न पाउँदा, यहाँहरूको न्यानो आतिथ्यताका लागि आफू अत्यन्त हर्षित भएको छु, सबैलाई धन्यवाद प्रकट गर्दछु।”

दुई देशबीचका ऐतिहासिक सम्बन्धलाई आज जनस्तरको सहकार्यले बढाउँदै लगेको उल्लेख गर्दै नेता कोइरालाले यही सम्बन्धका आधारमा, नेपाली जनता र नेपालको सार्वभौम संसद्कोतर्फबाट निरन्तर सहयोगका लागि बेलायती सरकारप्रति आभार प्रकट गर्नुभयो।

“नेपालीहरूले गोर्खाका नाममा बेलायती सेनामा गरेको लामो र अतिविशिष्टकृत सेवा दुई देशकाबीचको शताब्दीदेखिको लामो मित्रताको आधार हो”, उहाँले भन्नुभयो, “दुई लाखभन्दा बढी गोर्खा सैनिकले दुई विश्वयुद्धमा बेलायतको तर्फबाट युद्ध लडे, कतिले आफ्नो अमुल्य जीवन पनि गुमाए । बेलायती सरकारले उहाँहरूको समर्पण र बलिदानको कदर गरी सम्मान गरेकामा खुसी छु।” उहाँले गोर्खा सैनिकले बेलायतमा इमान्दारिपूर्वक गरेको सेवालाई मध्यनजर गर्दै उहाँहरूका जायज माग ढिला नगरी सम्बोधन गरिदिनुहुन आग्रह गर्नुभयो।





### सङ्कटमा बेलायतले गरेको सहयोग प्रशंसनीय

नेपालमा सङ्कट परेको बेलामा बेलायत सरकारले गरेका निरन्तर सहयोगले दुई देशको सम्बन्धलाई असल मित्रका रूपमा प्रगाढ बनाएको कांग्रेसका नेता डा कोइरालाले बताउनुभयो। एउटा चिकित्सक र राजनीतिकर्मी भएकाले बेलायत सरकारले सन् २०१५ को विनाशकारी भूकम्प र कोभिड-१९ को बेलामा गरेको सहयोगहरू उल्लेख्य भएको भन्दै प्रशंसा गर्नुभयो।

“नेपालको जलविद्युत्, पर्यटन तथा कृषि तथा वनजन्य उद्यमको अपार सम्भावना, हाम्रा इमानदार र परिश्रमी कामदारका कारण नेपाल वैदेशिक लगानीको लागि अत्यन्त संभावना भएको क्षेत्रमा पर्दछ”, नेता डा कोइरालाले भन्नुभयो । नेपाल सरकारले वैदेशिक लगानी मैत्री वातावरण बनाएको जानकारी गराउँदै उहाँले नेपालमा बेलायती लगानी सकारात्मक भए पनि यसमा अझ वृद्धि गर्न सकिने अपेक्षा राख्नुभयो।

विश्वका द्रुतगतिमा आर्थिक विकास गरिरहेका र ठुला बजार भएका दुई देशका बीचमा नेपाल अवस्थित रहेको बताउँदै उहाँले स्वच्छ ऊर्जा, पर्यटन, जलविद्युत्, कृषि र प्रविधिलगायत अन्य क्षेत्रमा नेपालमा लगानी गर्न बेलायतका उद्यमीहरूलाई आग्रह गर्नुभयो।

विभिन्न समयमा हुने उच्चस्तरीय राजकीय र सरकारी भ्रमणहरू, व्यावसायिक, व्यापारिक र सांस्कृतिक आवतजावतलगायतले सम्बन्ध, सहयोग र विश्वास अझ बढाउन मद्दत गरेको उल्लेख गर्दै नेता कोइरालाले दुई देशका सांसदहरूको भ्रमण र विचार आदानप्रदानले बहुआयामिक सम्बन्ध प्रगाढ बनाएको बताउनुभयो।

“विश्व शान्तिका अग्रदुत गौतम बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको हो । बेलायतलाई संसदीय लोकतन्त्रको जननी मानिन्छ । यी दुई शान्ति र लोकतन्त्रको मान्यताले हाम्रा दुई देशको सम्बन्धलाई कसिलो बनाउँछ”, नेता डा कोइरालाले भन्नुभयो। उहाँले आफू नेपालमा लोकतान्त्रिक अभियान जगाउने परिवारमा जन्मेको अवगत गराउँदै सन् १९४० को दशकदेखि विभिन्न प्रकारका लोकतान्त्रिक आन्दोलनहरू व्यहोरेको उहाँले जानकारी दिनुभयो।

“नेपालले लामो समय आन्तरिक द्वन्द्वको अवस्था सामना गऱ्यो। नेपाललाई लोकतान्त्रिक मुलुक बनाउन कांग्रेसले प्रमुख भूमिका निर्वाह गरेको छ”, उहाँले भन्नुभयो, “सशस्त्र द्वन्द्वबाट शान्तिपूर्ण संवैधानिक सरकार बनाउने काम कांग्रेसको नेतृत्वमा भएको हो । संसद्ले हालै सङ्क्रमणकालीन न्यायसम्बन्धी र सत्यनिरुपण आयोग बनाउनेसम्बन्धी विधेयक पास गरेको छ।”

नेता कोइरालाले लोकरिझ्याइँ गर्ने राजनीति, उग्र राष्ट्रवाद, साम्प्रदायिकता र आर्थिक राष्ट्रवाद जस्ता कार्यले बहुलवाद र विकासलाई चुनौती दिइरहेका उल्लेख गर्दै नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाले सन् १९७० को दशकमा उक्त विषय बुझेर सचेत गराउँदै भन्नुभएको विषय उद्धृत गर्नुभयो । उहाँले भन्नुभयो, “लोकतन्त्र बचाउनुपर्छ, यसलाई कुनै बहानामा कतै बुझाउनु हुँदैन।”

नेता डा कोइरालाले भू-परिवेष्ठित र अतिकम विकसित मुलुक नेपालले विश्व वातावरणीय प्रभावमा आफ्नो योगदान नभए पनि विभिन्न चुनौती सामना गरिरहेको जनाउँदै हिमालयन पारिस्थितिक प्रणाली (इकोसिस्टम)मा परेको प्रभावको न्यूनीकरण र वित्तपोषणको कार्यमा बेलायतको सहयोगको अपेक्षा गर्नुभयो।

कार्यक्रममा बेलायतका उद्योग व्यापार वाणिज्यमन्त्री ग्यारेथ थोमस र एशिया मामिला हेर्ने विदेश राज्यमन्त्री क्याथराइन वेष्टले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो।रासस

# सहकारीको कर्जा परिचालनमा कडाई गर्दै राष्ट्र बैंक

काठमाण्डु। सरकारले अध्यादेशमार्फत सहकारी क्षेत्र व्यवस्थापनसम्बन्धी नयाँ कानुन जारी गरेसँगै नेपाल राष्ट्र बैंकले सहकारी संस्थाको बचत र ऋण व्यवस्थापनलाई व्यवस्थित गर्न नयाँ मापदण्डसहितको मस्यौदा सार्वजनिक गरेको छ।

पछिल्लो समय ठूलो समस्या देखिएको सहकारी क्षेत्रको वित्तीय गतिविधिमा पारदर्शीता र सन्तुलन ल्याउन राष्ट्र बैंकले सोमबार ‘बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि जारी गरिएको निर्देशन तथा मापदण्ड’ को मस्यौदा सार्वजनिक गरेको हो। उक्त मापदण्डको मस्यौदामा सहकारी संस्थाले आफ्ना सदस्यबाट मात्र बचत सङ्कलन गर्न पाउने, कार्यक्षेत्रअनुसार बचत सङ्कलन सीमा तोक्ने, ऋण लगानीका कडाइ गर्ने, उत्पादनशील क्षेत्रको लगानीमा जोड दिनेलगायत विषय राखिएका छन्।

राष्ट्र बैंकले सहकारी क्षेत्रको अनुशासन र पारदर्शीता सुनिश्चित गर्न यो मस्यौदा ल्याएको जनाएको छ। माघ मसान्तभित्रमा यो मस्यौदामाथि सुझाव दिन आग्रह गरेको छ । मस्यौदा मापदण्डमा राखिएको सदस्य बाहेकबाट बचत सङ्कलन गर्न पूर्णतः निषेध गर्ने तथा निश्चित सीमाभित्र मात्रै सङ्कलन गर्न पाउने प्रावधानले गैर-सदस्यबाट हुने जोखिमपूर्ण बचत सङ्कलनको अभ्यासलाई अन्त्य गर्ने अपेक्षा गरिएको छ।

“बचत तथा ऋणको कारोबार गर्ने



सहकारी संस्थाले आफ्ना सदस्यबाट मात्र बचत सङ्कलन गर्न सक्ने छ भने यस्तो संस्थाले प्राथमिक पुँजी कोषको पन्ध्र गुणासम्म बचत सङ्कलन गर्न सक्नेछ । संस्थाले बैंक तथा वित्तीय संस्थाबाट कूल सम्पत्तिको पाँच प्रतिशतसम्म वा पुँजी कोषको बढीमा सय प्रतिशतसम्म ऋण लिन सक्नेछ”, मस्यौदामा भनिएको छ।

बचत तथा ऋणको कारोबार गर्ने संस्थाको बचत सङ्कलन सीमा पनि तोकिएको छ । एउटा जिल्लामा मात्र कार्यक्षेत्र भएको सहकारीले रु १० लाख, एकभन्दा बढी जिल्ला कार्यक्षेत्र भएमा रु २५ लाख र एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएमा रु ५० लाखसम्म मात्र बचत सङ्कलन गर्नसक्नेछ। संस्थाले साधारण र नियमित प्रकारका बचत खाता सञ्चालन गर्न सक्ने र सहकारीका सदस्यले रू १० लाखभन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रुपमा स्रोत खुलाउनुपर्ने मस्यौदामा उल्लेख छ।

त्यस्तै कर्जा प्रवाहमा पनि कडाइ गर्न लागिएको छ। “बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाले सदस्यता लिएको न्यूनतम तीन महिना नपुगेका सदस्यलाई ऋण लगानी गर्न सक्नेछैनन्। संस्थाले प्रति सदस्य प्राथमिक पुँजीकोषको अधिकतम १५ प्रतिशतभन्दा बढी रकम ऋण प्रवाह गर्न सक्नेछैन”, मापदण्डको मस्यौदामा भनिएको छ, “संस्थाले नियमित बचत गरिरहेका सदस्यलाई निजको बचत रकमको पाँच गुणा वा बढीमा रु तीन लाखमध्ये जुन कम हुन्छ सो बराबरको रकममात्र बिना धितो ऋण प्रवाह गर्न सक्नेछ।”

यसरी बिना धितोकर्जा प्रवाह गर्दा कम्तीमा दुई सदस्यको जमानी लिनुपर्ने तथा सञ्चालकले आफ्नो बचतको सुरक्षणमा प्राप्त हुने ऋण बाहेक कुनै प्रकारको थप ऋण लिन नपाउने व्यवस्था ल्याउन लागिएको छ। बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले सहकारी बैंक र साना किसान लघुवित्त संस्थाको शेयर तथा नेपाल सरकारले जारी गरेको ऋणपत्रमा लगानी गर्न सक्ने व्यवस्था मापदण्डको मस्यौदामा राखिएको छ । यस बाहेक अन्य कुनै संस्थाको शेयर, डिबेन्चरमा लगानी गर्न पाइने छैन।

सहकारी संस्थालाई घरजग्गा खरिदमा पनि कडाइ गर्न लागिएको छ । “विगत तीन वर्षदेखि निरन्तर खुद मुनाफामा सञ्चालनमा रहेको, सञ्चित नोक्सानी नरहेको र न्यूनतम पुँजीकोष कायम रहको अवस्थामा प्राथमिक पुँजीको बढीमा २५ प्रतिशत वा जगेडा कोषको बढीमा ५० प्रतिशतसम्म हुन आउने रकम बराबरको मात्रै जग्गा वा भवन कार्यालय प्रयोजनका खरिद वा निर्माण गर्न सकिनेछ”, मस्यौदामा भनिएको छ, “यी शर्त विपरीत सम्पति खरिद वा निर्माण गरेमा सो बराबरको रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्नेछ।”

त्यस्तै सहकारी संस्थालाई क्षेत्रगत कर्जा विस्तारमा जोड दिइएको छ । “विशिष्टिकृत संस्थाबाहेक ठूलो कारोबार गर्ने संस्थाले कूल ऋणको न्यूनतम ५० प्रतिशत कृषि, उद्योग र व्यवसाय सञ्चालन तथा विस्तारलगायत उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्नुपर्नेछ”, मापदण्डको मस्यौदामा उल्लेख छ, “उक्त सीमा हाल कायम नरहेमा २०८३ असार मसान्तसम्म कायम गर्नुपर्नेछ । संस्थाले कृषि, उद्योग र व्यवसायको लागि ऋण प्रवाह गर्दा किस्ता/ब्याज भुक्तानी गर्न उपयुक्त ग्रेस अवधि प्रदान गर्न सक्नेछ।”

बचत तथा ऋणको कारोबार गर्ने संस्थाले सदस्यको बचतको सुरक्षणमा बढीमा ९० प्रतिशतसम्म ऋण प्रवाह गर्न पाउने व्यवस्था ल्याउन लागिएको छ। अचल सम्पत्तिको धितोमा ऋण प्रवाह गर्दा महानगरपालिका तथा उपमहानगरपालिकामा रहेको धितो मूल्याङ्कनको बढीमा ५० प्रतिशतसम्म र नगरपालिका तथा गाउँपालिकामा रहको धितोको हकमा बढीमा ६० प्रतिशतसम्म ऋण प्रदान गर्न सक्ने मस्यौदामा उल्लेख छ।

बचत तथा ऋण सहकारी संस्थाको ऋण पुनर्रसंरचना तथा पुनर्रतालिकीकरणसम्बन्धी व्यवस्था पनि मापदण्डको मस्यौदामा राखिएको छ । “विशेष परिस्थितिमा नियमनकारी निकायबाट निर्देशन जारी भएको अवस्थामा ऋणीले उचित कारणसहित लिखित अनुरोध गरेमा सञ्चालक समितिको निर्णयअनुसार निश्चित अवधिका लागि मात्र ऋण पुनर्तालिकीकरण वा पुर्नसंरचना गर्न सकिनेछ”, मस्यौदामा भनिएको छ, “पुनर्रसंरचना वा पुनर्रतालिकीकरण गर्ने समयमा सक्रिय वर्गमा वर्गीकरण भइरहेका ऋणलाई पुनर्तालिकीकरण वा पुर्नसंरचना गरिएमा साढे १२ प्रतिशत ऋण नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ।”रासस

# पहिलोपटक ‘स्काइवाक टावर’मा योगाभ्यास



काठमाण्डु । कमलादिस्थित ‘स्काइवाक टावर’मा मंगलबार विभिन्न कार्यक्रम गरी दसौं राष्ट्रिय योग दिवस मनाइएको छ । स्काइवाक, अष्टाङ्गयोग, योगभूमि, विश्व शान्ति ध्यान केन्द्रको संयुक्त आयोजनामा टावरको दुई सय ५६ फिटमाथिको स्काइवाकमा योगाभ्याससँगै योगबारे चर्चा गरिएको ‘स्काइवाक टावर’का प्रबन्ध निर्देशक विष्णुहरि पाण्डेले जानकारी दिनुभयो।

प्रबन्ध निर्देशक पाण्डेका अनुसार साहसिक योगाभ्यासको विकास गर्ने उद्देश्यले ‘स्काइवाक टावर’मा योग दिवसका अवसरमा विभिन्न कार्यक्रम आयोजना गरिएको हो।

त्यसअवसरमा अष्टाङ्गयोग, कीर्तिपुर योग समाज, तारकेश्वर योग केन्द्र, अनामनगर महिला योग समाज तथा योग भूमिकाका करिब एक सय ५० जनाको सहभागिता रहेको स्काइवाक टावरका प्रमुख कार्यकारी अधिकृत रोहित ज्ञवालीले जानकारी दिनुभयो।

“दसौं राष्ट्रिय योग दिवसका अवसरमा स्काइवाकमा योगाभ्यास गरेका छौं । अब प्रत्येक साता स्काइवाकमा योगाभ्यासलाई निरन्तरता दिइनेछ”, उहाँले भन्नुभयो । योग शिक्षालाई सबै तहमा अझ फराकिलो बनाउँदै नागरिकलाई स्वस्थ बनाउने विषयलाई आफूहरुले प्राथमिकतामा राखेको ज्ञवालीको भनाइ थियो।

यस्ता कार्यक्रमहरूले योगका आयामलाई सन्तुलित राख्दै जीवनपद्धतिका रूपमा विकसित गर्ने विश्व शान्ति ध्यान केन्द्रका योग गुरु स्वामी कल्याणले विश्वास व्यक्त गर्नुभयो। योग साधनालाई आफूलाई आफैले बुझ्ने परम साधनका रुपमा बुझ्नुपर्ने उहाँले बताउनुभयो। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### मधेशवादी राजनीतिकर्मीको गन्तव्य

थ्रेस होल्ड , सता स्वार्थको परिधिमा मधेशवादी राजनीतिकर्मीहरुमा एक जुट हुने चेत देखिएको छ । बाटो खन्यो भने गन्तव्यमा पुगिन्छ खेदो मात्रै खन्यो भने अलपत्रमा परिन्छ भन्ने यथार्थ राजनीतिक पात्रहरुमा चेत देखा पर्नुलाई समयको बोध , माग नै होला । परिवर्तन , विकास र सुशासनबीच विरोधाभास र संस्कारमा देखिएको विचलनको अवस्थाले चिन्तन मननको बाटोतर्फ उन्मुख हुनु बाध्यता हो कि रहर ? राजनीतिक निष्ठा र निरन्तरताको यात्रा हो , निरन्तर आशा र अनन्त सम्भावनाको यात्रा हो ।अस्वभाविक बहुरुपी ,बहुरंगी क्षणिक आत्मीयतामा भावुक हुँदै अवस्थाको महत्व, गम्भीरता , संवेदनशीलतालाई मन मस्तिष्कबाट बुझ्ने चेष्टा नगर्ने मनोविज्ञान नै भएको कारकलाई नकार्न सकिदैन । त्यसैले होला गुलाबको फूल भन्दा पनि कैक्टसलाई घरको दैलोमा राख्ने मनोवृत्ति विकसित हुनुलाई स्वभाविक मान्न थालिएको छ । कैक्टस सौन्दर्यमा परिणत भएको छ ।यही आशयको एउटा प्रसंग सान्दर्भिक छ - कविमा दुई उपनामले कविता वाचन गर्ने बानी थियो , उद्घोषकले अब अलपत्र जीले कविता वाचन गर्ने भने पछि कविले होइन आज क्रान्ति नामले कविता वाचन गर्ने भन्दै कविता वाचन गर्ने प्रयास गरेपछि जनता कराउन थाले - जुन नामले कविता वाचन गरे पनि तपाईले अलपत्र नै पार्ने हो । राजनीतिक पात्र पनि यही अवस्थाबाट यात्रा गरिरेहेका छन् । विश्वासघातको यात्रा लम्बिदै गएकाले खेदो मात्रै खन्ने प्रवृत्तिको दुष्प्रभाव देखिएको छ । समयले न्याय गर्दा गवाहको आवश्यकताा पर्दैन । त्यस क्रममा यस्तो समय पनि आउँछ जब अगाडि बढ्दा कष्टदायक , पछाडि फर्किदा कष्ट र स्थिर भइ उभिदा घातक हुन्छ । राजनीतिक पात्रहरुले साहस , दृढ विश्वास र प्रारब्धसँग तालमेल गर्नु फलदायी हुन्छ । झुटको खुट्टा हुँदैन , हावामा नै उसको पोषण हुन्छ , उसले सत्यको बस्त्र धारण गरी सत्य समझ उभिदा अस्तित्वलाई बचाउन सत्यलाई दोषारोपण गर्दछ । जार्ज बर्नाड शाँ को भनाइ अनुसार अनुभव तब असफल हुन्छ जब सिक्ने ईच्छा न होस । नेपाली राजनीतिक पात्रमध्ये मधेशका राजनीतिक पात्रमा यो मनोदशा महामारी झैं छ । रामवरण यादव , महन्थ ठाकुर विमलेन्द्र निधि , उपेन्द्र यादव , सीके राउतसम्मको राजनीतिक यात्रा जुनकिरीझैं मात्र रहन पुगेको छ । जयप्रकाश आनन्दको यात्रामा विराम लागि सकेको छ भने अन्य भनाउँदाहरु झुटको मेला हुन पुगेका छन् । हरेक चीज बिकाउ झैं यी व्यक्तित्वहरु पनि एउटा क्षणका रुपमा परिभाषित हुन पुगेका छन । विगतका घटना , क्रियाकलापको समीक्षा , विश्लेषण , आत्म मूल्यांकन गरी एकठाम एकत्रित भइ मधेशवादीको पहिचान , विभेद , उत्पीडनको अन्त्य , पहुँच , न्याय जस्ता पक्षप्रति संवेदनशील हुनु पर्छ ।

# मकर संक्रान्तिको दिन तिल र खिचडी खाने परम्परा किन छ?



डा.केदार कार्की

मकर संक्रान्तिलाई शास्त्रहरूमा स्नान, दान र ध्यानको पर्वको रूपमा चित्रण गरिएको छ। यस दिन, सूर्य उत्तरतिर सर्छ र मकर राशिमा प्रवेश गर्छ। यस दिन, भगवान सूर्यलाई खिचडी चढाइन्छ र गुड़ र तिलबाट बनेका चीजहरू जस्तै तिलको लड्डु, गजक, रेवाडी प्रसादको रूपमा वितरण गरिन्छ। मकर संक्रान्तिमा तिल र तिलको प्रसादले पूजा गर्ने पौराणिक कथा छामकर संक्रान्ति पर्व नेपालभर मनाइन्छ, यद्यपि यसको नाम र विश्वास फरक-फरक प्रान्तमा फरक हुन सक्छ। तर यस पर्वसँग सम्बन्धित केही कुराहरू छन् जुन सम्पूर्ण देशले पालना गर्दछ र मकर संक्रान्तिको दिन बिहान स्नान गर्ने, पैसा दान गर्ने र तेल सेवन गर्ने गर्दछन्। यस दिन मानिसहरूले नयाँ चामलबाट बनेको खिचडी र तिलबाट बनेका चीजहरू अवश्य खान्छन्। मकर संक्रान्तिको अवसरमा तिल दान गर्ने र तिलबाट बनेका वस्तु खाने परम्पराको कारण श्रीमद्भागवत र देवी पुराणमा उल्लेख गरिएको छ। शनि महाराजलाई आफ्नो पितासँग शत्रुता थियो किनभने सूर्य देवले आफ्नी आमा छायालाई आफ्नी दोस्रो पत्नी संग्याको छोरा यमराजसँग भेदभाव गरेको देखेका थिए। यसबाट रिसाएर सूर्य देवले संग्या र आफ्नो छोरा शनिलाई आफूबाट अलग गरिदिएका थिए। यसैकारण शनि र छायाँले सूर्य देवलाई कुष्ठरोगको श्राप दिए।

आफ्ना पिता सूर्यदेवलाई कुष्ठरोग लागेको देखेर यमराजले तपस्या गरे र सूर्यदेवलाई कुष्ठरोगबाट मुक्त गरे। तर सूर्य रिसाउनुभयो र शनि महाराजको घर, कुम्भ, जसलाई शनिको राशि भनिन्छ, जलाए। यसका कारण शनि र उनकी आमा छायालाई दुःख भोग्नुपर्‍यो। यमराजले आफ्नी सौतेनी आमा र भाइ शनिलाई समस्यामा परेको देखेर आफ्नो बुबा सूर्यलाई उनीहरूको कल्याणको लागि मनाउन खोजे, तब मात्र सूर्य देव शनिदेवको घर कुम्भमा पुगे। कुम्भ राशिमा सबै कुरा जलिरहेको थियो। त्यतिबेला शनिदेवसँग तिल बाहेक केही थिएन त्यसैले उनले कालो तिलले सूर्य देवको पूजा गरे।

शनिको पूजाबाट प्रसन्न भएर, सूर्य देवले शनिलाई आशीर्वाद दिनुभयो कि शनिको दोस्रो घर, मकर, उनको आगमनमा धन र समृद्धिले भरिनेछ। तिलको कारणले गर्दा शनिले आफ्नो गौरव पुनः प्राप्त गरे, त्यसैले शनिदेवलाई तिल मन पर्छ। यसै समयदेखि मकर संक्रान्तिमा तिलले सूर्य र शनिको पूजा गर्ने परम्परा सुरु भयो।

शनिदेवको पूजाबाट प्रसन्न भएर सूर्यदेवले शनि महाराजलाई आशीर्वाद दिए कि जसले मकर संक्रान्तिको दिन कालो तिलले सूर्यको पूजा गर्छ, उसको सबै कष्टहरू हट्नेछन्। यस दिन तिलले सूर्यको पूजा गर्नाले स्वास्थ्य र खुशी बढ्छ। शनिको अशुभ प्रभाव हट्छ र आर्थिक प्रगति हुन्छ।

मकर संक्रान्तिको दिन खिचडी दान गर्ने र खाने परम्पराको पछाडि भगवान शिवको अवतार मानिने बाबा गोरखनाथको कथा छ। खिलजीको आक्रमणको समयमा खिलजीसँगको द्वन्द्वका कारण नाथ योगीहरूले खाना तयार गर्ने समय पाएनन्। यस कारणले गर्दा योगीहरू प्रायः भोकै रहन्थे र कमजोर हुँदै गए। यो समस्या समाधान गर्न बाबा गोरखनाथले दाल, भात र तरकारी सँगै पकाउन सल्लाह दिनुभयो। यो परिकार एकदमै पौष्टिक र स्वादिष्ट थियो। यसले शरीरलाई तुरुन्तै ऊर्जा दियो। नाथ योगीहरूलाई यो परिकार धेरै मन पर्यो। बाबा गोरखनाथले यो परिकारको नाम खिचडी राखे। गोरखपुरको बाबा गोरखनाथको मन्दिर नजिकै मकर संक्रान्तिको दिन खिचडी मेला सुरु हुन्छ। धेरै दिनसम्म चल्ने यो मेलामा बाबा गोरखनाथलाई खिचडी चढाइन्छ र यसलाई प्रसादको रूपमा पनि वितरण गरिन्छ।

खिचडी दान गर्नु र खानुको एउटा कारण यो हो कि संक्रान्तिको समयमा नयाँ चामल तयार हुन्छ। सबै अन्न पकाउने र पोषण दिने सूर्य देवता हुन् भन्ने विश्वास गरिन्छ, त्यसैले कृतज्ञता व्यक्त गर्न, सूर्य देवतालाई गुडबाट बनेको खीर वा खिचडी चढाइन्छ। खैर, मकर संक्रान्तिको दिनमा बनाइने खिचडीमा उडदको दाल प्रयोग गरिन्छ, जुन शनि ग्रहसँग सम्बन्धित छ। यस दिन विशेष खिचडी खाँदा शनिको क्रोध हट्छ भन्ने भनिन्छ। त्यसैले खिचडी खाने परम्परा छ।

मकर संक्रान्तिको अवसरमा खिचडी खाने परम्पराको पछाडि वैज्ञानिक र सामाजिक कारणहरू छन्। वास्तवमा नेपाल कृषिप्रधान देश हो। सूर्यलाई कृषिको आधार मानिन्छ। मकर संक्रान्तिको आसपास धानको बाली तयार हुन्छ। घरमा नयाँ बाली प्रयोग गर्नु अघि, यसलाई सूर्य देवतालाई चढाइन्छ। यो सामाजिक परम्परा शताब्दीयौंदेखि चलिआएको छ। गीतामा भगवान कृष्णले भन्नुभएको छ कि जसले मलाई नचढाईकन खाना खान्छ, त्यो चोर हो। यस धार्मिक विश्वासका कारण, मकर संक्रान्तिमा खिचडी उडदको दाल र भातसँग पकाएर देवताहरूलाई चढाइन्छ।

मकर संक्रान्तिमा खिचडी खानुको वैज्ञानिक कारण यो हो कि यस समयमा शीतलहर हुन्छ। जाडोमा चिसोबाट बच्न र तुरुन्तै ऊर्जा प्राप्त गर्न खिचडीलाई उत्तम मानिन्छ किनभने यो नयाँ चामल, उडदको दाल, अदुवा, धेरै प्रकारका तरकारीहरू मिलाएर बनाइन्छ, जसले गर्दा यो प्रकृतिमा तातो हुन्छ। तिल र गुड़को प्रकृति पनि तातो हुन्छ, त्यसैले मकर संक्रान्तिमा यसलाई खाने परम्परा छ।

मकर संक्रान्तिको पर्व जाडो मौसममा आउँछ। त्यसैले यस पर्वमा तिल, गुड जस्ता चीजहरू खानुको विशेष महत्त्व छ, किनकि जाडो मौसममा यी हाम्रो शरीरको लागि धेरै फाइदाजनक हुन्छन्।





**पाचन प्रणालीलाई बलियो बनाउँछ:**

तिलको दानामा उच्च मात्रामा फाइबर हुन्छ, जसले पाचन प्रणाली सुधार गर्न मद्दत गर्छ। यसले कब्जियत, एसिडिटी जस्ता समस्याबाट राहत दिन्छ। साथै, तिलमा पाइने तेलले पाचन इन्जाइमको उत्पादनलाई बढावा दिन्छ, जसले खानालाई सजिलै पचाउन मद्दत गर्छ।

**हड्डी बलियो बनाउँछ:**

तिलको दानामा क्याल्सियम र म्याग्नेसियम प्रशस्त मात्रामा पाइन्छ, जसले हड्डी र दाँतलाई बलियो बनाउन मद्दत गर्छ। यसले अस्टियोपोरोसिस जस्ता रोगहरूबाट बचाउँछ।

**मुटुको स्वास्थ्यको लागि फाइदाजनक:**

तिलमा पाइने मोनोअनस्याचुरेटेड फ्याटी एसिड मुटुको स्वास्थ्यको लागि धेरै फाइदाजनक हुन्छ। यसले खराब कोलेस्ट्रोल कम गरेर हृदयघात र स्ट्रोकको जोखिम कम गर्छ।

**रोग प्रतिरोधात्मक क्षमता बढाउँछ:**

तिलको दानामा एन्टिअक्सिडेन्ट प्रशस्त मात्रामा पाइन्छ, जसले शरीरलाई फ्री रेडिकल क्षतिबाट बचाउँछ र शरीरको रोगहरूसँग लड्ने क्षमता बढाउँछ। यसले चिसो र खोकी जस्ता रोगहरूसँग लड्न मद्दत गर्छ।

**रक्तअल्पताबाट बचाउँछ:**

तिलको दानामा राम्रो मात्रामा आइरन हुन्छ, जसले रक्तअल्पता रोक्न मद्दत गर्छ। रक्तअल्पतामा शरीरमा रगतको कमी हुन्छ जसका कारण थकित र कमजोर महसुस हुन्छ।

**छालाको लागि फाइदाजनक:**

तिलमा भिटामिन ई प्रशस्त मात्रामा पाइन्छ, जसले छालालाई स्वस्थ राख्न मद्दत गर्छ। यसले छालालाई मोइस्चराइज गर्छ र चाउरीपना कम गर्छ।

**कपालको लागि फाइदाजनक:**

तिलमा प्रोटिन र भिटामिन प्रशस्त मात्रामा पाइन्छ, जसले कपाललाई बलियो र चम्किलो बनाउन मद्दत गर्छ। यसले कपाल झर्नबाट रोक्छ र कपाललाई प्राकृतिक रूपमा कालो बनाउँछ।

**मस्तिष्कको लागि फाइदाजनक:**

तिलमा प्रशस्त मात्रामा म्याग्नेसियम हुन्छ, जसले मस्तिष्कलाई स्वस्थ राख्न मद्दत गर्छ। यसले स्मरणशक्ति बढाउँछ र तनाव कम गर्छ।

**तौल घटाउन उपयोगी:**

तिलमा प्रशस्त मात्रामा फाइबर हुन्छ, जसले पेट लामो समयसम्म भरिएको राख्छ र भोक कम गर्छ। यसले तौल घटाउन मद्दत गर्छ।

**शरीरलाई न्यानोपन प्रदान गर्दछ:**

तिलको प्रकृति तातो हुन्छ। त्यसैले जाडोमा तिल खाँदा शरीरलाई न्यानोपन मिल्छ।

**यी कुराहरू मनमा राख्नुहोस्:**

तिल खानुका धेरै फाइदा भए पनि, यसलाई बढी मात्रामा खानु स्वास्थ्यको लागि हानिकारक पनि हुन सक्छ। त्यसैले, तिल सन्तुलित मात्रामा मात्र खानुपर्छ। यदि तपाईंलाई कुनै स्वास्थ्य समस्या छ भने, डाक्टरसँग परामर्श लिएर मात्र तिल खानुहोस्।

# एचएमपिभी भाइरस र हाम्रो अवस्था



डा शेरबहादुर पुन

आजभोलि धेरै चर्चा अनि केही त्रसित बनाइरहेको एचएमपिभी भाइरसले समाचारमा विशेष स्थान बनाउँदै आइरहेको छ । अझ भारतीय सञ्चारमाध्यमहरुमा एकपछि अर्कोमा सङ्क्रमण पुष्टि हुँदै गइरहेको भन्ने समाचारले नेपालमा समेत यो भाइरसप्रति चासो ह्वात्तै बढेको देखिन्छ । यो भाइरसले खासगरी हालै चीनमा सयौं मानिस बिरामी बनाएको, अस्पताल भरिएको, अनि मृत्युसमेत गराइरहेको भनिएको छ ।

चीनमा नै पहिलोपटक देखिएको कोभिड-१९ ले नेपाललगायत विश्वमा हजारौं मानिसको मृत्यु गराएको केही वर्ष मात्र भएको हुँदा फेरि चीनमा फैलिएको भनिएको यो भाइरसले कतै कोभिड-१९ को बेलामा जस्तो अवस्था फर्काउने त होइन ? भन्ने चर्चा, जिज्ञासा अनि त्रासले सबैलाई तरङ्गित बनाएको छ । वास्तवमा चीनमा देखिएको भनिएको भाइरस के हो ? बन्दाबन्दी (लकडाउन)को सम्भावना कति छ ? कोभिड-१९ मा जस्तै मानवीय क्षति भोग्नुपर्ने अवस्था सिर्जना हुने त होइन भन्ने जस्ता जिज्ञासाहरु यतिबेला सर्वसाधारणमा उत्पन्न भएको देखिन्छ ।

**कस्तो हो एचएमपिभी भाइरस ?**

एक शब्दमा भन्नुपर्दा रुघाखोकी गराउने भाइरस हो भन्न सकिन्छ । खासगरी 'कमन कोल्ड' वा 'फ्लु'को जस्तो लक्षणहरु यो भाइरस सङ्क्रमित बिरामीमा देखिने गर्दछ । अर्थात् यो भाइरसलाई श्वास-प्रश्वाससँग सम्बन्धित सङ्क्रमण पनि भन्न सकिन्छ । यो भाइरस पहिलोपटक सन् २००१ मा मानवमा पुष्टि भएको थियो । विशेषतः बालबालिकाहरु यो भाइरसबाट प्रभावित हुने भनिएता पनि ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरु पनि उत्तिकै प्रभावित हुन सक्ने विभिन्न अनुसन्धानहरुले देखाएका छन् । जाडो महिनामा यो भाइरस बढी सक्रिय हुने भए पनि १२ महिना नै देखिने गर्दछ । सङ्क्रमण गरेको तीनदेखि छ दिनमा लक्षणहरु देखिने गर्दछ । सुरुआतीमा खोकी लाग्ने, ज्वरो आउने, घाँटी दुख्ने, नाकबाट पानी आउने वा बन्द हुने तथा श्वास-प्रश्वासमा समस्या देखिने गर्दछ । निमोनिया, ब्रोनकाइटिसजस्ता जटिलताहरु देखिने गर्दछ । यो विशेषतः सङ्क्रमित व्यक्तिले खोक्दा वा हाच्छिउँ गर्दा, हात मिलाउँदा, संक्रमित व्यक्तिको मुखको छिटा कुनै वस्तुमा रहेको र अर्को व्यक्तिले सो वस्तु छोएर सो हातले नाक, मुख अनि आँखामा छुँदा यो भाइरस सर्न सक्दछ ।

एचएमपिभी भाइरसविरुद्ध विशेष एन्टीभाइरल औषधि छैन भने खोपको विकास पनि भइसकेको छैन । लक्षण तथा जटिलताका आधारमा यसको उपचार हुने गर्दछ । यो भाइरसको सङ्क्रमणबाट बच्न विशेषगरी व्यक्तिगत सरसफाइमा नै ध्यान दिनु हो । यसको सर्ने तरिका धेरै हदसम्म कोभिड-१९ को जस्तै भएकाले बच्ने उपाय पनि उस्तै हुने गर्दछ । हात साबुनपानीले कम्तीमा २० सेकेन्डसम्म धुने, सङ्क्रमित व्यक्तिको नजिक नजाने, हातलाई नाक, मुख र आखामा घरिघरि नलग्ने, खोक्दा वा हाच्छिउँ गर्दा हातको बाहुलीले छोपेर मात्र गर्ने, सार्वजनिकस्थलमा सकेसम्म नजाने र जानैपर्ने अवस्थामा मास्क लगाउने र फर्केपछि राम्ररी हात साबुनपानीले धुने गर्नुपर्दछ ।

**कस्तो छ छिमेकी मुलुकमा एचएमपिभी भाइरसको प्रभाव ?**

अहिलेसम्म न त चीन सरकार न त विश्व स्वास्थ सङ्गठनले नै अधिकारिक रुपमा एचएमपिभी भाइरसले गर्दा चीनमा महामारीको अवस्था सिर्जना भएको छ भनेर स्वीकार गरेको छ । अझ हालै रोयटर्सको 'फ्याक्ट चेक'को विश्लेषणले एचएमपिभी भाइरसले गर्दा चीनमा महामारीको अवस्था नआएको अनि स्वास्थ आपत्काल पनि घोषणा नगरिएको भन्ने तथ्य सार्वजनिक गरेको थियो । जाडो महिनामा विशेषतः श्वास-प्रश्वाससँग सम्बन्धित लक्षणहरु देखिने हुँदा त्यसका कारक मानिने फ्लु, कोभिड-१९, आरएसभी भाइरस, माइकोप्लाज्मा निमोनियाजस्ता सङ्क्रमणहरु भने देखिएको भनिएको छ । यी सङ्क्रमणहरु सामान्यतयाः हरेक वर्षजसो जाडो महिनामा चीनमा मात्र नभएर नेपाललगायत विश्वका विभिन्न देशहरुमा देखिने गर्दछ ।

कोभिड-१९ 'प्यान्डेमिक'को समयमा भारतमा नयाँ 'भेरियन्ट' देखिँदा त्यसको केही हप्तामा नेपालमा पनि देखिने गर्दथ्यो । त्यसो हुनाले चीनमा महामारीको रुप लिएको भनिएको एचएमपिभी भाइरस भारतमा पनि देखिएको समाचारले पक्कै पनि नेपाल तरङ्गित नहुने भन्ने कुरै भएन । तर एचएमपिभी भाइरस भारत तथा नेपालका लागि कुनै नौलो भाइरस भने होइन । यो भाइरस वास्तवमा विगतका वर्षहरुमा गरिएका विभिन्न अनुसन्धानबाट समुदायमा रहेको पुष्टि हुँदै आइरहेको थियो ।

नेपालमा गरिएका केही अनुसन्धानहरुले चारदेखि १३ प्रतिशतसम्म बिरामीमा यो भाइरस पुष्टि हुने गरेको देखाएको छ । यस अर्थमा पनि हाल भारतमा एकपछि अर्को एचएमपिभी भाइरस देखिनुमा कुनै विशेष वा त्रसित हुनुपर्ने आधार देखिँदैन । जाडो महिनामा यो भाइरसको परीक्षण नियमित गर्ने हो भने हरेक वर्षजसो नै देखिने सम्भावना प्रबल रहन्छ । नेपालमा पनि अहिले (जाडो महिनामा) परीक्षण गर्ने हो भने भारतमा जस्तो एकपछि अर्कोमा देखिने सम्भावना रहन्छ । यस हिसाबले भाइरस देखिनु आफैंमा महत्वपूर्ण वा त्रसित हुनुपर्ने अवस्था होइन तर यसको प्रभावले ठूलो प्रकोपको रुप लिन्छ वा लिँदैन भन्ने कुरा विशेष रुपमा लिनुपर्दछ । यद्यपि, सङ्क्रमण हुनु आफैंमा राम्रो भने होइन । तसर्थ, यसबाट बच्ने उपायलाई भने कार्यान्वयन गर्नु उचित हुन्छ किनभने बालबालिका, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरुका लागि भने कहिलेकाहीँ यो भाइरसले घातक अवस्था सिर्जना गर्न सक्दछ ।

**कस्तो अवस्थामा हुन सक्छ एचएमपिभी भाइरस बढी सङ्क्रामक ?**


कुनै पनि सरुवा रोग कहिले पनि बढी सङ्क्रामक वा घातक हुँदैन भन्न सकिँदैन । कतिपय सङ्क्रमणहरु कहिले सामान्य त कहिले घातक हुने गरेको विगतका अनुभवहरु छन् । विशेषतः सङ्क्रमणको जिनमा नै परिवर्तन भए बढी सङ्क्रामक वा घातक हुने सम्भावना बढेर जान्छ । जस्तैः कोभिड-१९ निरन्तर र छिटो-छिटो जिनमा परिवर्तन हुँदा/देखिँदा बहु-लहर देखिनाका साथै थप सङ्क्रामक वा घातक भेरियन्टका रुपमा जन्म भएको थियो । यसर्थ, एचएमपिभी भाइरसमा यस्तै (कोभिड-१९ मा जस्तै) अवस्था नआउला भन्न सकिँदैन । श्वास-प्रश्वाससँग सम्बन्धित भाइरसहरु विगतमा अनि भविष्यमा पनि सम्भावित प्यान्डेमिक सङ्क्रमणका रुपमा हेरिँदै आइरहेको रोग हो । हाल एचएमपिभी भाइरसलाई सामान्य रोगका रुपमा लिएको भए तापनि भविष्यमा बढी सङ्क्रामक तथा घातक नहोला भनेर भन्न सकिने अवस्था होइन । तसर्थ, यो भाइरसको नियमित र निरन्तर निगरानी आवश्यक देखिन्छ ।

अन्तमा, एचएमपिभी भाइरस खासगरी जाडो महिनामा बढी सक्रिय भई फ्लुजस्तो लक्षण देखाउने एक सरुवा रोग हो । हाल चीनमा यो भाइरसलाई महामारीको कारक मानिएको हल्ला व्यापक भए पनि यसको विश्वसनीय अधिकारिक पुष्टि भने हुन सकेको छैन । भारत तथा नेपालका लागि यो भाइरस नौलो होइन । तसर्थ, हाल भारतमा एकपछि अर्कोमा देखिँदै आइरहेको भनिएको एचएमपिभी भाइरस अनुमानित नै मान्नुपर्दछ । तर भारतमा अस्वाभाविक अस्पताल भर्ना गर्नुपर्ने बिरामी सङ्ख्यामा वृद्धि वा मृत्यु भएको अवस्था नदेखिएमा नेपाल त्रसित हुनुपर्ने कुनै आधार देखिँदैन ।

नेपालमा जाडो महिना लागेसँगै बालबालिकाहरुमा फ्लुको जस्तो लक्षणहरु देखिन सुरु भइसकेको छ । तसर्थ, नेपालमा पनि फ्लुसँगसँगै एचएमपिभी भाइरसको प्रयोगशाला परीक्षण गरियो भने भारतमा जस्तै नेपालमा पनि एकपछि अर्कोमा यो भाइरस नदेखिएला भन्न सकिँदैन, जुन हाम्रो लागि अनुमानित मान्नुपर्दछ । (लेखक शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिटका संयोजक हुनुहुन्छ)



# पूर्वजले देखाएको बाटोमा लागौँः प्रधानमन्त्री ओली



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले पूर्वजले गरेको खोज, अध्ययनको बाटोमा सबैलाई लाग्न प्रेरणा लिएर अघि बढ्नुपर्ने बताउनुभएको छ।

प्रधानमन्त्री ओलीले योग दिवसका अवसरमा मंगलबार पूर्वज र प्रकृतिप्रति गौरव गर्दै ज्ञान पैदा गर्ने खोज, अध्ययन र अनुसन्धानको बाटो समाउने प्रयास गर्नुपर्ने बताउनुभएको हो।

"पूर्वजहरुप्रति शिर झुकाएर श्रद्धापूर्वक नमन गर्नुपर्दछ, उहाँहरुको आदर्शबाट सिक्ने र उहाँहरुको जस्तो ज्ञान पैदा गर्ने खोज, अध्ययन, अनुसन्धानको बाटो समाउने प्रयास गर्नुपर्दछ, जीवनमा त्यसलाई आत्मसात् गर्ने प्रयास गर्नुपर्दछ," प्रधानमन्त्री ओलीले भन्नुभयो, "योग दिवसले देशभक्ति, पूर्वजहरुप्रति, प्रकृतिप्रति, यो भूखण्ड, यो देशप्रति हामीलाई गर्व गर्न सिकाओस् र त्यसबाट प्रेरणा लिएर अगाडि बढ्न प्रेरित गरोस्, म सबैमा यही शुभकामना व्यक्त गर्न चाहन्छु।"

दशौँ राष्ट्रिय योग दिवसका अवसरमा प्रधानमन्त्री ओलीले स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग भन्ने आदर्श वाक्यका साथ आज राष्ट्रिय योग दिवस मनाइएको बताउनुभयो।

"योग यस भूमिको उपज, पूर्वजहरु, जसले गणितको, आयुर्वेदको, अन्तरिक्षको अथवा स्वास्थ्य विज्ञानको जुन आविष्कार गर्नुभएको थियो, त्यो असाधारण थियो भन्ने पुष्टि हो यो" प्रधानमन्त्री ओलीले भन्नुभयो, "योगको महत्व अझ बढी प्रखररुपमा प्रकट भएको र मानिसको सबैभन्दा महत्वपूर्ण कुरा हो स्वस्थ्य रहनु हो, शारीरिक र मानसिक रुपले स्वस्थ्य रहनु, स्वस्थ्य रहनका लागि योगअसाधारण उपयोगी छ, साधना र लामा ध्यान चिन्तकका लागि आवश्यक हुन सक्छ।"


विश्वलाई मानवोचित विश्व बनाउन चाहिरहेका र विश्व भनेको धर्ती र मानव समाज भएको प्रधानमन्त्रीको भनाइ छ । प्रकृति र मानव समाज सन्तुलन कायम यस ठाउँलाई आदियोग भूमि भन्न सक्ने उल्लेख छ। "आदियोग गुरु, आदियोगी शिव अर्थात् शम्भुनाथले यसै भूमिबाट हजारौँ वर्षअघि योगको अभ्यास, योगको चिन्तन र योग दर्शन अर्थात् जीवनसँग सम्बन्धित सम्पूर्ण विषय र जीवन र प्रकृतिको सम्बन्धको चिन्तन, ध्यानादि कुराको प्रारम्भ गर्नुभएको थियो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "त्यसकारण शिवलाई आदियोगी मान्दछौँ । योग आदियोगी शिवबाट शुरू भएको हो । योग कुनै धर्म, जाति वा भूगोल विशेषसँग, कुनै राजनीतिक विचारधारामा सीमित छैन। यो सम्पूर्ण मावन जातिको कल्याणका लागि निर्मित र समर्पित रहेको एउटा यस्तो विधा हो जुन अत्यन्तै वैज्ञानिक ढङ्गले शुरू भएको थियो। "

प्रधानमन्त्रीको शुभकामनामा भनिएको छ, "योग अलिक ओझेल पर्दै गयो, विभिन्न प्रकारका भ्रम, भ्रान्ति पनि यसमा मिसिए, अहिले योग भ्रान्तिबाट मुक्त, मानवीय हित र कल्याणका लागि सम्पूर्णरूपमा समर्पित र व्यापक, विस्तृत हुन जरूरी छ, मानव समाजव्यापी हुन जरूरी छ, यस प्रयासमा जुटेका छौं।"

प्रधानमन्त्री ओलीले योग कुनै धर्म विशेषसँग सम्बन्धित नभएको र योग अध्यात्मसँग सम्बन्धित नभइ दर्शनको सृष्टिभन्दा अगाडि शैव दर्शनसँग सम्बन्धित भएको बताउनुभएको छ। सन्देशमा भनिएको छ, "दर्शनकै प्रारम्भ यहीँबाट भयो, योगबाट दर्शनको प्रारम्भ भयो, योगबाट ध्यान, ध्यानबाट चिन्तन, चिन्तनबाट मनन, मननबाट ज्ञान विकास भयो । संयुक्त राष्ट्रसङ्घले सन् २०१४ मा जुन २१ लाई अन्तर्राष्ट्रिय योग दिवसका रुपमा मान्यो । जसको इतिहासले हाम्रो भूमिसँग १५ हजार वर्ष अगाडिको नाता राख्दछ । यसको सम्बन्ध कपिलवस्तुका कपिलमुनिसँग जोडिएको छ ।त्यसपछि कपिलवस्तुकै सिद्धार्थ गौतम, गौतम बुद्धसँग नाता जोडिएको छ।"रासस

# विपिन जोशीको रिहाइको प्रयासमा परराष्ट्रमन्त्री





काठमाण्डु । अतिवादी हमास समूहको नियन्त्रणमा रहेका भनिएका नेपाली युवक विपिन जोशीको रिहाइका लागि सरकारले कूटनीतिक क्रियाशीलतालाई निरन्तर जारी राखेको छ।

परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले हमाससँग सम्पर्कमा रहेका र युद्धविरामका लागि मध्यस्थता गरिरहेका देशहरुलाई जोशीको रिहाइका लागि आवश्यक पहल गरिदिन आग्रह गरिरहनुभएको छ । यसै क्रममा उहाँले मंगलबार बिहान कतारका विदेश राज्यमन्त्री डा मोहम्मद बिन अब्दुलाजिज अल-खुलाइफीसँग फोनवार्ता गर्नुभयो। मन्त्री खुलाइफी कतार सरकारका तर्फबाट हमाससँगको शान्तिवार्ताका लागि प्रमुख वार्ताकार एवं मध्यस्थकर्ता हुनुहुन्छ।

परराष्ट्रमन्त्रीले कतारका मन्त्री डा खुलाइफीसँगको फोनवार्तामा हमासले आफ्नो नियन्त्रणमा रहेकामध्ये केही बन्दीलाई अपहरणमुक्त गर्न लागेको समाचार आएकाले जोशीको रिहाइका लागि विशेष पहल गरिदिन आग्रह गर्नुभएको परराष्ट्रमन्त्री देउवाको निजी सचिवालयले जनाएको छ । उहाँले कतार नेपालको सदैव हितैषी मित्रराष्ट्र रहेको प्रसङ्ग उल्लेख गर्दै कतारले हमाससँगको सम्पर्कमा रहेर शान्ति वार्ताका लागि युद्धविराम गराउन विशेष पहल गरिरहेकाले जोशीको रिहाइका लागि पनि विशेष पहल गरिदिन अपिल गर्नुभएको थियो।

परराष्ट्रमन्त्रीको निजी सचिवालयका अनुसार प्रत्युत्तरमा कतारी विदेशराज्यमन्त्रीले युद्धविराम र उहाँले नेपाली युवकको रिहाइलाई अपिल गर्ने कुरा पनि आफूहरुले प्राथमिकतामा राखेको बताउँदै पहिलो चरणमा उनीहरुले केही बन्दी रिहा गर्ने सूचना दिएकाले सकेसम्म पहिलो चरणमै र त्यो सम्भव नभएमा बाँकीको रिहाइका क्रममा जोशी अपहरण मुक्त हुनेमा आफू विश्वस्त रहेको जानकारी मन्त्री देउवालाई दिनुभयो।

यसअघि परराष्ट्रमन्त्रीले इजिप्ट सरकारलाई पनि जोशीको रिहाइमा सहयोग गरिदिन आग्रह गर्नुभएको थियो। इजिप्ट सरकार पनि हमासको सम्पर्कमा रहेर युद्धविरामका लागि प्रयासरत छ । गत हप्ता पनि उहाँले नेपालका लागि इजिप्ट र कतारका राजदूतमार्फत दुवै देशसँग जोशीको रिहाइका लागि पहल गरिदिन आग्रह गर्नुभएको थियो ।रासस

# तातोपानी नाका सञ्चालन गर्न उच्चस्तरबाटै पहल आवश्यकः अध्यक्ष प्रचण्ड

सिन्धुपाल्चोक । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री




पुष्पकमल दाहाल 'प्रचण्ड'ले सिन्धुपाल्चोकको तातोपानी नाका पुरानै अवस्थामा सञ्चालन गर्न आफूले निरन्तर पहल गरिरहेको बताउनुभएको छ। आफू प्रधानमन्त्री हुँदा र नहुँदा पनि तातोपानी नाका सञ्चालनका लागि पहल गरेको उहाँले बताउनुभयो।

यहाँको सुकुटेमा आयोजित बिच भलिबल प्रतियोगिताको उद्घाटन गर्न आउनुभएका अध्यक्ष प्रचण्डले मंगलबार पत्रकार भेटघाट कार्यक्रममा तातोपानी नाका सञ्चालन गर्न चीन सरकारसँग पटकपटक कुराकानी भएको बताउनुभयो । नाका पुनः सहज रुपमा सञ्चालनमा ल्याउन दुई देशका माथिल्लो तहबाट पहल र प्रयत्न आवश्यक रहेको उहाँको भनाइ छ।

अध्यक्ष प्रचण्डले बिच भलिबल प्रतियोगिताले सुकुटेको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले पहिलोपटक नेकपा (माओवादी केन्द्र)को स्थायी कमिटी बैठक सुकुटेमा राखेको बेला सुकुटेले देशकै ध्यान केन्द्रित गरेको स्मरण गर्दै सिन्धुपाल्चोकको विकासका लागि चासो र चिन्ता गरिरहेको उल्लेख गर्नुभयो ।रासस

# विद्यालयमा प्राविधिक र व्यावहारिक सीप सिकाउन आवश्यक : उपराष्ट्रपति यादव



काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले सामुदायिक विद्यालयले शैक्षिक ज्ञानका साथमा प्राविधिक र व्यावहारिक सीप सिकाउन आवश्यक भएको बताउनुभएको छ।

चन्द्रागिरि नगरपालिका-१२ स्थित 'बहुप्राविधिक शिक्षालय भवन'को मंगलबार उद्घाटन गर्नुहुँदै उहाँले बालबालिकाले विद्यालय शिक्षामा प्राप्त गरेका प्राविधिक र व्यवहारिक सीपले उनीहरुलाई स्वरोजगार र आत्मनिर्भर बन्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

उपराष्ट्रपति यादवले भन्नुभयो, "सबै वर्गका बालबालिकालाई समान अवसर र स्रोत उपलब्ध गराउनुको साथै सामुदायिक विद्यालयको शैक्षकस्तरलाई माथि उठाउन सामुहिक प्रयत्नको खाँचो छ ।" माध्यमिक शिक्षा परीक्षा (एसइई)मा देशभरका सामुदायिक विद्यालयमा बलम्बु माध्यमिक विद्यालयले मानक कायम गरेको उल्लेख गर्दै उहाँले आगामी दिनमा उक्त मानक कायम राख्न सुझाव दिनुभयो।

दक्षिण कोरियाको ड्रिम सेयरिङ फाउन्डेशनको आर्थिक सहयोगमा चन्द्रागिरि नगरपालिकाले उक्त विद्यालयमा अत्याधुनिक प्रयोगशालासहित बहुप्राविधिक शिक्षालय तयार गरेको छ । यसका लागि दुई तले भवन र चार प्रयोगशाला बनाउन रु दुई करोड ५० लाख खर्च भएको जनाइएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा परिषद् (सिटिइभिटी) अन्तर्गतको पाठ्यक्रममा आधारित ब्युटिसियन, इलेक्ट्रिसियन, मोटरसाइकल तथा मोबाइल मर्मत गरी चार विधामा स्नातक तह बराबरको बहुप्राविधिक शिक्षालयमा सीप सिकाइने छ।

बलम्बु माध्यमिक विद्यालयमा साधारणतर्फ कक्षा ९ देखि १२ मा अध्ययनरत विद्यार्थीले आफ्नो रुचिको ती विधामध्ये एक विधामा अध्ययन गर्न सक्ने छन्। उनीहरुले कक्षा १२ उत्तीर्ण हुँदा ती चार विधामा स्नातक तह बराबरको सीप पूरा गर्न सक्ने जनाइएको छ।

कार्यक्रममा पूर्वशिक्षा तथा विज्ञान प्रविधिमन्त्री तथा सांसद कृष्णगोपाल श्रेष्ठले हरेक सामुदायिक विद्यालयमा प्रविधिमा आधारित सीप कक्षा सञ्चालन गर्न जरुरी रहेको चर्चा गर्नुभयो। उहाँले यस्ता सीपमुलक कक्षाले स्वरोजगार बन्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

चन्द्रागिरि नगरपालिका प्रमुख घनश्याम गिरीले सामुदायिक विद्यालयले बालबालिकालाई प्रदान गर्ने सैद्धान्तिक ज्ञानसँग प्राविधिक सीपलाई जोड्न बहुप्राविधिक शिक्षालयले सहयोग पुग्ने बताउनुभयो।

प्रमुख प्रशासकीय अधिकृत हेमराज अर्याललले स्वदशमै स्वरोजगार सिर्जना गर्न सामुदायिक विद्यालयमा हुने शैक्षिक ज्ञानसँगै प्राविधिक सीपले सहयोग पु-याउने उल्लेख गर्नुभयो।

शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख सुजनराज खनालले विद्यार्थीलाई प्राविधिक शिक्षाको सैद्धान्तिक र प्रयोगात्मक ज्ञान हुँदा बेरोजगारीको अन्त्य गर्न सहयोग पुग्ने बताउनुभयो।

बलम्बु माध्यामिक विद्यालयका प्रधानाध्यापक सुमन रावतले भन्नुभयो, "कक्षा नौदेखि प्राविधिक शिक्षा पढ्न थालेको विद्यार्थीले कक्षा १२ कक्षा पास गर्दा शैक्षिक प्रमाणपत्र र प्राविधिक शिक्षा दुवैको ज्ञान प्राप्त गर्नेछन्।"

ड्रिम सेयरिङ फाउन्डेशन कोरियाका अध्यक्ष सि विनले आगामी दिनमा प्राविधिक शिक्षामा सहयोग जारी राख्ने प्रतिबद्धता जनाउनुभयो ।रासस


**Madhesh Province Government**

**Ministry of Industry, Commerce and Tourism**

**Tourism Development Office**

**Gaur, Rautahat**

**Invitation for Electronic Bids**

**Date of publication 2025-01-15**

1. The Tourism Development Office, Gaur, Rautahat Excutive Invites electronic bids from eligible bidders for the following works. A complete set of Bidding Documents is available online and can be download from e-GP system: https://bolpatra.gov.np/egp/PPMO's portals specified in the bidding date sheet.

| S. N. | Contract No. | Description of Work | Exclusive of VAT, PS and Contigencies | Bid Security Amount (NRs.) | Bid Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | TDO/NCB/W/01/2081/082 | Bahujatiye Sanghralaya Nirman, Chandrapur-2, Rautahat | 8557631.41 | 250000 | 3000 |
| 2 | TDO/NCB/W/02/2081/082 | Chiran Tole ko Brahambaba Mandir saundrikaran, Chandi Nadi Najik Adhuro Mandir tatha Chhath ghat Nirman, Adhuro Pranami Mandir Nirman | 5133301.44 | 150000 | 3000 |
| 3 | TDO/NCB/W/03/2081/082 | Bivah Mandap Nirman,Brandaban Na.pa-2, Rautahat | 8555735.28 | 250000 | 3000 |
| 4 | TDO/NCB/W/04/2081/082 | Ashanwa ma Chhathighat Nirman,Newar tolema Vimsingh nath Istar Unanti , Fulwari Mahadev istan Ma Paryatakiye Chhetra Ma istarunanti, Chandrapur-2 Rautahat | 4279575.38 | 125000 | 3000 |
| 5 | TDO/NCB/W/05/2081/082 | Purbadhar Bikash Abam Saundrikaran, Jange Jharana Chandrapur, Rautahat | 4279260.34 | 125000 | 3000 |
| 6 | TDO/NCB/W/06/2081/082 | Tileswar Mahadev Baba Chhetra ma dharamsala Nirman , Chhathighat nirman,Chandrapur 3, Rautahat | 4278655.23 | 125000 | 3000 |
| 7 | TDO/NCB/W/07/2081/082 | Bharat Tal Open Zoo Safari Nirman, Bagmati Na.pa Sarlahi | 8554722.15 | 250000 | 3000 |
| 8 | TDO/NCB/W/08/2081/082 | Musalim tole Idgah ma Istar unanti, Mardhar Ma Shive Mandir maramat Shambhar, Motipur hathishar ma Mandir nirman, Chandrapur-7,8,9 , Rautahat | 4277395.71 | 125000 | 3000 |
| 9 | TDO/NCB/W/09/2081/082 | Bathane Gumba Compaund wall Nirman,Bathane Gumba Bhawan Nirman, Bhotejatiko Dharm Sanskar Sanskritko Sangralya Bhawan Nirman,Bagmati-12, Sarlahi | 4279083.11 | 125000 | 3000 |
| 10 | TDO/NCB/W/ 10/2081/082 | Maghi gumba Nirman,Chandrapur na.pa | 4279752.17 | 125000 | 3000 |
| 11 | TDO/NCB/W/ 11/2081/082 | Chiranjeevi smriti Park Compound wall Nirman , Bagmati Na.pa-8, Sarlah | 4279149.30 | 125000 | 3000 |
| 12 | TDO/NCB/W/ 12/2081/082 | Jhulekhopma Adhuro Gumba Nirman, Gumba Nirman DPR anusar,Barbotma Fendaling Adhuro Gumaba Nirman, Chandrapur Na.pa-3 , Rautahat | 4278588.67 | 125000 | 3000 |
| 13 | TDO/NCB/W/ 13/2081/082 | Chhath ghat tatha truss nirman, Aapkholasi Saundrayekaran, Chandrapur-8, Rautahat | 4279577.85 | 125000 | 3000 |
| 14 | TDO/NCB/W/ 14/2081/082 | Dumariyama Chhathi Pokhari Maramat tatha truss Nirman, Dumariyama Gadhimai Mandir Maramat Shambhar , Bastipur Paschim tole ko chhathimai Pokhari maramta That truss Nirman, Chandrapur Na.pa 8,9 , Rautahat | 4281536.79 | 125000 | 3000 |

2. Date of Pre-Bid meeting. Last Date of Purchasing. Submission and Opening of Bids.

| Contract No. | Bid Validity Period | Bid Security Validity Period | Last date of Purchase of Bids | Last date of Submission of Bids | | Opening of Bids | |
|---|---|---|---|---|---|---|---|
| | | | | Date | Time | Date | Time |
| NCB | 90 Days from Bid Opening | 120 Days from Bid Opening | 14-Feb.-2025 | 14-Feb.-2025 | 12:00 Noon | 14-Feb.-2025 | 13:00 Noon |

| Name of Bank | Name of Office | Office Account No. | |
|---|---|---|---|
| | | for Bid Fee | for Bid Security |
| Rastriye Banijay Bank Ltd. | Pradesh Lekha Ekai Karyalaya, Chandrapur, Rautahat | 1000100200010000 | 1210100202030000 |

3. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account Number:1000100200010000, Rajashwa (Revenue) Heading No.-14229, Office Code No. 3070020012 in Rastriya Banijya Bank Ltd.
4. Bid must be accompanied by a Bank Guarantee issued by "A" Class Commercial Bank in Nepal drawn in favour of the TDO, Gaur, Rautahat, Madhesh Province Government in the format supplied in the Bid document or the form acceptable to the TDO, Gaur, Rautahat. If the Bidder wishes to submit bid security in the form of cash, the cash should be deposited in. Account KHA.2-3 DHARAUTI A/C (PRA. LE. NI. KA) Pradesh Lekha Ekai Karyalaya, Chandrapur, Rautahat
5. The Employeer reserves the right to accept or reject any bid and to annual the bidding process and reject all Bids any time period to contract, without thereby incurring any liability to Bidders.

**Tourism Development Officer**

# निर्वाचित नभएको भए ट्रम्प दोषी ठहरिनु हुनेथियो

**एएफपी**

वासिङ्टन । अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्प चार वर्षपछि पुनः निर्वाचित नभएको भए सन् २०२० को चुनावको नतिजा उल्ट्याउने कथित प्रयासका लागि दोषी ठहरिनुहुने भन्ने तत्कालीन विशेष सल्लाहकार ज्याक स्मिथको प्रतिवेदन अमेरिकी सञ्चारमाध्यमले मङ्गलबार बिहान प्रकाशित गरेको छ ।



"संविधानले एक राष्ट्रपतिविरुद्ध निरन्तर अभियोजन र मुद्दा चलाउन निषेध गर्छ भन्ने अमेरिकी न्याय विभागको दृष्टिकोण पूर्ण छ र यो आरोपित अपराधको गम्भीरता, सरकारी प्रमाणको बलियोपन वा अभियोजनको गुण-दोषमा आधारित छैन, जसलाई कार्यालयले पूर्ण समर्थन गर्छ", प्रतिवेदनमा भनिएको छ, "वास्तवमा श्री ट्रम्पको निर्वाचन र आसन्न राष्ट्रपति पदको पुनर्बहाली नभएको भए (विशेष सल्लाहकारको) कार्यालयले स्वीकार्य प्रमाणहरू परीक्षणमा दोषी ठहर गर्न र कायम राख्न पर्याप्त थियो भनी मूल्याङ्कन गरेको थियो ।"

जनवरी २० मा ह्वाइट हाउस फर्कनुहुने ट्रम्पलाई संयुक्त राज्य अमेरिकालाई धोका दिने षड्यन्त्र र आधिकारिक कार्यवाहीमा बाधा पुर्‍याउने षड्यन्त्रको आरोप लगाइएको थियो- काङ्ग्रेसको सत्रले राष्ट्रपति जो बाइडेनको चुनावी जित प्रमाणित गर्न बोलाएको थियो तर सन् २०२१ जनवरी ६ मा रिपब्लिकन समर्थकहरूको भिडले हिंसात्मक आक्रमण गरेको थियो ।

> ट्रम्पको अनुसन्धान गर्न नियुक्त विशेष सल्लाहकार रहेका स्मिथले नोभेम्बरको राष्ट्रपति चुनाव जितेपछि आगामी नेता विरुद्धको संघीय आपराधिक मुद्दा खारेज गर्नुभयो ।

ट्रम्पको अनुसन्धान गर्न नियुक्त विशेष सल्लाहकार रहेका स्मिथले नोभेम्बरको राष्ट्रपति चुनाव जितेपछि आगामी नेता विरुद्धको सङ्घीय आपराधिक मुद्दा खारेज गर्नुभयो ।

रिपोर्ट रातारात सार्वजनिक भए लगत्तै ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा स्मिथलाई 'विचलित' भन्दै प्रतिक्रिया दिनुभयो र उहाँ आफ्नो 'मालिक' को राजनीतिक विपक्षीलाई सफलतापूर्वक मुद्दा चलाउन असमर्थ हुनुहुन्थ्यो भन्नुभयो । "ज्याक स्मिथ कति निराश हुनुहुन्छ भनेर देखाउनका लागि उहाँले बिहान १:०० बजे आफ्नो नक्कली निष्कर्षहरू जारी गर्नुभयो", ट्रम्पले अर्को पोस्टमा भन्नुभयो ।

ट्रम्पद्वारा नियुक्त न्यायाधीश एलिन क्याननले गत वर्ष पूर्व र भावी राष्ट्रपति विरुद्धको छुट्टै मुद्दा - ह्वाइट हाउस छोडेपछि शीर्ष गोप्य कागजातहरू ट्रम्पद्वारा व्यवस्थापनसम्बन्धी - खारेज गर्नुभयो तर उहाँका दुई पूर्व सह-प्रतिवादीहरू विरुद्ध आरोपहरू अझै विचाराधीन छन् ।

स्मथले विशेष सल्लाहकारका रूपमा आफ्नो अन्तिम प्रतिवेदन पेस गरेको केही दिनपछि गत हप्ता न्याय विभाग छाड्नुभयो ।

# इजरायल-हमास प्रारम्भिक आदान-प्रदानमा गाजाबाट ३३ बन्धक मुक्त हुने

**एएफपी**

जेरुसेलम । कतारमा भइरहेको गाजा युद्धविराम सम्झौताको पहिलो चरणमा ३३ इजरायली बन्धक रिहा हुने वार्तासँग सम्बन्धित स्रोतहरू र इजरायली मिडियाले मङ्गलबार बताएका छन् ।



मध्यस्थकर्ताहरू कतार, इजिप्ट र संयुक्त राज्य अमेरिकाले हालैका दिनहरूमा सम्झौता गर्ने प्रयासहरू तीव्र पारेका छन् र वार्ताबारे जानकार एक स्रोतले मङ्गलबार एएफपीलाई दोहामा 'अन्तिम चरणको वार्ता' सुरु हुने बताएको थियो ।

वार्तासँग सम्बन्धित दुई स्रोतले नाम नखुलाउने सर्तमा एएफपीलाई प्रारम्भिक आदान-प्रदानमा इजरायली जेलमा रहेका प्यालेस्टिनी कैदीहरूको बदलामा ३३ बन्धक रिहा गरिने बताए ।

यी बन्धकहरू सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमाथि आक्रमण गरेपछि गाजा पट्टीमा बन्दी बनाइएका ९४ जनामध्येका हुन् । यो सङ्ख्यामा इजरायली सेनाले मृत भनेका ३४ जना बन्दी समावेश छन् ।

टाइम्स अफ इजरायल समाचार वेबसाइटले वार्तासँग परिचित इजरायली अधिकारीहरूलाई उद्धृत गर्दै 'सम्झौताको पहिलो चरणमा ३३ वटा मानवीय मामिला समावेश छन्' भनी रिपोर्ट गरेको छ । वार्तासँग सम्बन्धित दुई स्रोतमध्ये एकका अनुसार सम्झौताको पहिलो चरणमा ३३ इजरायली बन्धकलाई समूहमा रिहा गर्ने व्यवस्था छ, जसमा पहिले बालबालिका र महिलाहरूलाई रिहा गरिनेछ ।

टाइम्स अफ इजरायलको रिपोर्टअनुसार इजरायली अधिकारीहरूले प्रस्तावित प्रारम्भिक आदान-प्रदानमा समावेश ३३ जना बन्धक जीवित रहेको विश्वास गरेका छन् । यद्यपि इजरायल उनीहरूको स्थितिको पुष्टिको प्रतीक्षामा रहेको रिपोर्टमा उल्लेख छ ।

"यदि पहिलो चरण सम्पन्न भयो भने सम्झौता लागु भएको १६ औँ दिनमा इजरायलले बाँकी बन्दीहरूलाई मुक्त गर्न दोस्रो चरणमा वार्ता सुरु गर्नेछ", रिपोर्टमा भनिएको छ, "यसमा पुरुष सैनिकहरू, सैन्य उमेरका पुरुषहरू र मारिएका बन्धकहरूको शवहरू समावेश छन् ।"

गत हप्ता हमासले बहु-चरण सम्झौताको पहिलो चरणमा ३४ जना बन्धकलाई रिहा गर्न सहमत भएको सङ्केत गरेको थियो । इजरायली मिडियाले मङ्गलबार प्रस्तावित सम्झौताअन्तर्गत पहिलो चरणको कार्यान्वयनका क्रममा इजरायललाई गाजाभित्र बफर जोन कायम राख्न अनुमति दिइने पनि बताएको छ ।

"इजरायली सेनाले सबै बन्धक फिर्ता नगरेसम्म गाजाबाट फिर्ता हुने अपेक्षा गरिएको छैन, तर यसले दक्षिणी गाजाबाट बासिन्दाहरूलाई पट्टीको उत्तरतिर जान अनुमति दिनेछ", वामपन्थी झुकाव भएको अखबार हारेट्जले भनेको छ ।अमेरिकी राष्ट्रपति जो बाइडेनले सोमबार युद्धविराम र बन्धक मुक्तिको सम्झौता लगभग अन्तिम भएको र यो उहाँले मे महिनाको अन्त्यमा सार्वजनिक गरेको तीन चरणको युद्धविराम योजनामा आधारित रहेको बताउनुभयो ।

"इजरायल र हमासबीचको युद्धमा हामी एउटा प्रस्ताव... अन्ततः साकार हुने अवस्थामा पुगेका छौँ", बाइडेनले विदेश मन्त्रालयमा बिदाइ भाषणमा भन्नुभयो ।वार्ताका मुख्य अड्चनका विषयहरू कुनै पनि युद्धविरामको स्थायित्व र प्यालेस्टिनी क्षेत्रका लागि मानवीय सहायताको मापनमा असहमति रहेको छ।

अन्य विवादका विषयहरूमा विस्थापित गाजावासीहरूको घर फिर्ती, प्यालेस्टिनी क्षेत्रबाट इजरायली सेनाको फिर्ती र सीमा नाकाहरू पुनः खुला गर्ने विषय समावेश छन् । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले गाजाबाट इजरायली सेनाको पूर्ण फिर्तीलाई दृढतापूर्वक अस्वीकार गर्नुभएको छ र त्यस क्षेत्रमा प्यालेस्टिनी शासनको विरोध गर्नुभएको छ ।

वार्तासँग परिचित एक स्रोतका अनुसार कतारमा भइरहेका वार्ताहरू हमास र इजरायली वार्ताकारहरू दुई अलग-अलग कोठामा उपस्थित भएर सञ्चालन भइरहेका छन् । मिडिया रिपोर्टहरूका अनुसार कुनै पनि सम्झौताले इजरायली मन्त्रिमण्डलको स्वीकृति आवश्यक पर्ने सम्भावना छ ।

# चीनले अमेरिकी टिकटक मस्कलाई बेच्ने सम्भावना खोज्दै : रिपोर्ट

**एएफपी**

न्युयोर्क । चिनियाँ अधिकारीहरूले भिडियो-सेयरिङ प्लेटफर्म टिकटकले चीनबाट तत्काल विनिवेश गर्नुपर्ने अमेरिकी कानूनको सामना गरिरहेको बेला अर्बपति एलन मस्कलाई अमेरिकी टिकटक सञ्चालन बेच्ने सम्भावना खोजिरहेको ब्लुमबर्ग न्युजले सोमबार रिपोर्ट गरेको छ ।




यस मामिलासँग परिचित अज्ञात व्यक्तिहरूलाई उद्धृत गर्दै रिपोर्टले बेइजिङमा छलफल भइरहेको एउटा परिदृश्यलाई उल्लेख गरेको छ । त्यहाँ मस्कको सोशल मिडिया कम्पनी एक्सले चिनियाँ मालिक बाइटडान्सबाट टिकटक खरीद गर्नेछ र यसलाई पहिले ट्विटर भनेर चिनिने प्लेटफर्ममा एकीकृत गर्नेछ ।

रिपोर्टले टिकटकको अमेरिकी सञ्चालनको मूल्य ४० देखि ५० अर्ब डलरको बीचमा रहेको अनुमान गरेको छ । यद्यपि मस्क हाल विश्वको सबैभन्दा धनी व्यक्तिका रूपमा रहे पनि मस्कले लेनदेन कसरी कार्यान्वयन गर्न सक्नुहुनेछ वा उहाँलाई अन्य सम्पत्तिहरू बेच्नु पर्ने हो कि होइन भन्ने स्पष्ट नभएको ब्लुमबर्गले बताएको छ ।

अमेरिकी सरकारले गत वर्ष एउटा कानून पारित गरेको थियो । उक्त कानूनअनुसार टिकटकको बाइटडान्सलाई या त अत्यन्त लोकप्रिय प्लेटफर्म बेच्न वा बन्द गर्न आवश्यक छ । राष्ट्रपति-निर्वाचित डोनाल्ड ट्रम्पले पदभार ग्रहण गर्नुभन्दा एक दिनअघि यो आइतबार लागु हुनेछ ।

अमेरिकी सरकारले टिकटकले बेइजिङलाई डाटा सङ्कलन गर्न र प्रयोगकर्ताहरूको जासुसी गर्न अनुमति दिएको आरोप लगाएको छ र यो प्रचार प्रसारको माध्यम हो । चीन र बाइटडान्सले ती दावीलाई कडा रूपमा अस्वीकार गरेका छन् । टिकटकले अमेरिकी सर्वोच्च अदालतमा अपिल गर्दै कानूनलाई चुनौती दिएको छ । अदालतले शुक्रबार मौखिक तर्क सुनेको थियो ।

सुनुवाइमा नौ सदस्यीय बेन्चका बहुमत कन्जरभेटिभ र लिबरल न्यायाधीशहरू बिक्री गर्न बाध्य पार्नु पहिलो संशोधनको अभिव्यक्ति स्वतन्त्रताको अधिकारको उल्लङ्घन हो भन्ने टिकटकका वकिलको तर्कप्रति शङ्कास्पद देखिएका थिए ।चिनियाँ अधिकारीहरूले कसरी अघि बढ्ने भन्नेमा अझै सहमति जुटाउन बाँकी रहेको उल्लेख गर्दै ब्लुमबर्गले बेइजिङको सम्भावित मस्क कारोबारको विचारलाई 'अझै प्रारम्भिक' का रूपमा वर्णन गरेका छन् ।

चिनियाँ सरकारको योजनाका बारेमा बाइटडान्सलाई कति थाहा थियो भन्ने स्पष्ट नभएको अधिकारीहरूले बताए । टिकटकले टिप्पणीका लागि एएफपीको अनुरोधलाई तुरुन्तै जवाफ दिएन तर भेराइटीले एक प्रतिनिधिलाई उद्धृत गर्दै भनेको छ, "हामीलाई शुद्ध काल्पनिक कुरामा टिप्पणी गर्न अपेक्षा गर्न सकिँदैन ।"

ट्रम्पका निकट सहयोगी मस्कले आगामी चार वर्षमा वासिङ्टनमा प्रभावशाली भूमिका खेल्ने अपेक्षा गरिएको छ । उहाँले विद्युतीय कार कम्पनी टेस्ला पनि चलाउनुहुन्छ । टेस्लाको चीनमा प्रमुख कारखाना छ र देश अटो निर्माताको सबैभन्दा ठूलो बजारहरूमध्ये एक हो।

ट्रम्पले चिनियाँ वस्तुहरूमा नयाँ शुल्क लगाउने बारम्बार धम्की दिनुभएको छ । यसले उहाँको पहिलो कार्यकालमा सुरु भएको व्यापार युद्धलाई विस्तार गर्नेछ । यसलाई निवर्तमान राष्ट्रपति जो बाइडेनले मोटामोटी कायम राख्नुभयो र केही मामलामा थप गर्नुभयो ।रासस

# महा कुम्भ : मकर सङ्क्रान्तिमा करोडौ भक्तजनले गरे स्नान

**एएनआई**

प्रयागराज ।महाकुम्भ २०२५ को पहिलो 'अमृत स्नान' को अवसरमा मङ्गलबार बिहान १० :३० बजे (स्थानीय समय) सम्म एक करोड ३८ लाख श्रद्धालुले यहाँ सङ्गममा पवित्र स्नान गरेको अधिकारीहरूले बताएका छन् ।



विश्वकै सबैभन्दा ठूलो जमघटको पहिलो दिनमा एक करोड ५० लाखभन्दा बढी तीर्थयात्रीले सङ्गममा पवित्र स्नान गरेका थिए ।

यसैबीच उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले मङ्गलबार पहिलो 'अमृत स्नान' मा सहभागी भएका सबै भक्तजनलाई हार्दिक बधाई दिनुभएको छ ।

एक्समा पोस्ट गर्दै मुख्यमन्त्री योगीले यस पवित्र कार्यक्रमलाई भारतको सनातन संस्कृति र आस्थाको जीवन्त प्रमाणको रूपमा वर्णन गर्नुभयो । "यो हाम्रो सनातन संस्कृति र आस्थाको जीवन्त रूप हो । आज लोक आस्थाको महान् पर्व 'मकर सङ्क्रान्ति' को शुभ अवसरमा महाकुम्भ-२०२५, प्रयागराजको त्रिवेणी सङ्गममा पहिलो 'अमृत स्नान' गरी पुण्य कमाउने सबै श्रद्धालुलाई बधाई !" उहाँले भन्नुभयो ।

यसअघि मुख्यमन्त्रीले मकर सङ्क्रान्तिमा राज्यका जनतालाई शुभकामना दिँदै भन्नुभयो, "राज्यका जनता, सबै पूज्य सन्त, भक्त र अनुयायीहरूलाई मकर सङ्क्रान्तिमा हार्दिक बधाइ ! यो ब्रह्माण्डका पिता सूर्य भगवान्प्रति कृतज्ञता व्यक्त गर्ने पर्व हो ।"

सनातन धर्मका १३ अखाडाका साधुहरूले त्रिवेणी सङ्गममा पवित्र स्नान गरिरहेका छन् ।

आफ्नो तेस्रो कुम्भ मेलामा सहभागी हुँदै एक विदेशी श्रद्धालुले भन्नुभयो, "म यसलाई शब्दमा वर्णन गर्न सक्दिनँ । यो मेरो तेस्रो कुम्भ हो । म सन् २०१० मा हरिद्वार, २०१३ मा प्रयागराज र अहिले फेरि यहाँ आएँ । यहाँ सबै उन्माद छ तर त्यसभित्र केही यस्तो छ जो परिवर्तन हुँदैन... सौभाग्यवश, यहाँ भीड नियन्त्रण गर्न धेरै प्रहरी कर्मचारी छन्... यहाँ तपाईं केवल प्रवाहसँगै बग्न सिक्नुहुन्छ ।"

महानिर्वाण अखाडाका महामण्डलेश्वर स्वामी चिदम्बरानन्दले कुम्भलाई भारतीय सभ्यताको भव्यताको अनुभव भन्नुभयो ।

"हामी भारतीय सभ्यताको भव्यता अनुभव गर्छौं । करोडौँ मानिसले हाम्रो संस्कृतिको गौरव देखिरहेका छन् । चारैतिर खुशी र उत्साह छ । मानिसहरू जाडो बिर्सेर बिहान २ बजेदेखि नै सन्तहरूको दर्शनका लागि पर्खिरहेका छन्", उहाँले भन्नुभयो, "यहाँ अविश्वसनीय दृश्यहरू छन् । जसले जातीय विभेद सिर्जना गर्छन् र हाम्रो धर्मलाई दोष दिन्छन्, उनीहरू यहाँ आएर हेरून् कि करोडौँको भीडमा न त कुनै ब्राह्मण छन् न शूद्र, केवल हिन्दू र हिन्दू संस्कृति मात्र छ ।"

कुम्भमा सहभागी एक विदेशी श्रद्धालुले भन्नुभयो, "महाकुम्भ केवल भारतको मात्र होइन, सम्पूर्ण विश्वको अवसर हो ।"

# हैटीमा १० लाखभन्दा बढी मानिस आन्तरिक रूपमा विस्थापित

**एएफपी**

जेनेभा । हैटीमा गिरोह हिंसाका कारण आफ्नो घर छोडेर भागेका मानिसहरूको सङ्ख्या गत वर्ष तीन गुणाले बढेर १० लाखभन्दा बढी पुगेको संयुक्त राष्ट्रसङ्घले मङ्गलबार जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घको आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम) ले आफ्नो पछिल्लो तथ्याङ्कले '१० लाख ४१ हजार मानिस धेरै पटक विस्थापित भएका र तीव्र मानवीय सङ्कटको बीचमा सङ्घर्ष गरिरहेका छन्' भनेको छ ।

"सन् २०२३ डिसेम्बरमा हामीले रेकर्ड गरेका हिंसाबाट लगभग तीन लाख १५ हजार मानिस विस्थापित भएका थिए", आइओएमका प्रवक्ता केनेडी ओकोथ ओमोन्डीले पत्रकारहरूलाई भन्नुभयो, "त्यसयताको एक वर्षमा हामीले यो सङ्ख्या तीन गुणाले बढेर हैटीमा गिरोह हिंसाका कारण अब १० लाखभन्दा बढी मानिस विस्थापित भएको देखेका छौँ ।"

राजधानी पोर्ट-अ-प्रिन्समा आइओएमले 'निरन्तर गिरोह हिंसा, आवश्यक सेवाहरूको पतन-विशेष गरी स्वास्थ्य सेवा- र बढ्दो खाद्य असुरक्षाका कारण' विस्थापन ८७ प्रतिशतले बढेको बताएको छ ।

यो गरिब क्यारेबियन देश दशकौँदेखि राजनीतिक अस्थिरताले ग्रसित छ र हालका वर्षहरूमा शक्तिशाली बन्दै गएका गिरोहहरूले झन् खराब बनाएका छन् ।

संयुक्त राज्य अमेरिका र संयुक्त राष्ट्रसङ्घको समर्थनमा केन्याको नेतृत्वमा रहेको प्रहरी सहयोग मिसन हुँदाहुँदै पनि हिंसा बढ्दै गएको छ ।

गत हप्ता संयुक्त राष्ट्रसङ्घको मानवाधिकार कार्यालयले हैटीमा बढ्दो गिरोह हिंसामा गत वर्ष पाँच हजार छ सयभन्दा बढी मानिस मारिएको र हजारौँ घाइते वा अपहरण गरिएको बताएको थियो ।

# दुर्लभ भ्रमणमा जापानद्वारा चिनियाँ सैन्य प्रतिनिधिमण्डललाई स्वागत

**एएफपी**

टोकियो । अमेरिकी राष्ट्रपतिका रूपमा डोनाल्ड ट्रम्पको पुनरागमनअघि एसियाली छिमेकीहरूले चिसो सम्बन्ध सुधार्ने प्रयास गर्ने क्रममा चिनियाँ सैन्य प्रतिनिधिमण्डल एक दुर्लभ आदानप्रदान भ्रमणमा रहेको मङ्गलबार जापानले जनाएको छ ।




चिनियाँ जनमुक्ति सेना (पिएलए) को पूर्वी थिएटर कमान्डका सदस्यहरूले सोमबारदेखि शुक्रबारसम्म आफ्ना जापानी समकक्षी र वरिष्ठ जापानी रक्षा अधिकारीहरूसँग भेटवार्ता गरिरहेको जापानका शीर्ष सरकारी प्रवक्ता योशिमासा हायाशीले बताउनुभयो ।

नोभेम्बरमा लाओसमा क्षेत्रीय रक्षा भेलाको छेउमा जापानी र चिनियाँ रक्षामन्त्रीहरूको भेटवार्तापछि यो भ्रमणको आयोजना गरिएको हो । त्यहाँ उहाँहरूले सेनाहरू बीच आदानप्रदान बढाउन सहमति जनाउनुभएको हयाशीले जानकारी दिनुभयो ।

"पाँच वर्षपछि पहिलो पटक यसले सैनिकहरूबीच आदान-प्रदान पुनः सुरु गरेको छ", उहाँले नियमित प्रेस ब्रिफिङमा भन्नुभयो, "कमान्डर स्तरमा खुला सञ्चारमार्फत आपसी बुझाइ र विश्वासको प्रवर्द्धनले जापान र चीनबीच रचनात्मक र स्थिर सम्बन्ध निर्माणमा योगदान पुर्‍याउनेछ, हामीलाई लाग्छ यो भ्रमणले क्षेत्रको शान्ति र स्थिरतामा योगदान पुर्‍याउँछ ।"

पिएलए पूर्वी थिएटर कमाण्डले पनि यही विचार व्यक्त गरेको छ । "यो भ्रमणले दुई पक्षबीच समझदारी र आपसी विश्वास बढाउन तथा चीन र जापानबीच रक्षा आदानप्रदानलाई बढावा दिन मद्दत गर्नेछ", विज्ञप्तिमा भनिएको छ ।

जापान र चीनले वर्षौंदेखि क्षेत्रीय र ऐतिहासिक विवादका साथै अन्य मुद्दाहरूले तनावग्रस्त सम्बन्धलाई सुधार्ने प्रयास गरिरहेका छन् ।तनाव कम गर्न जापानी विदेशमन्त्री ताकेशी इवायाले डिसेम्बरमा आफ्ना चिनियाँ समकक्षी वाङ यीसँग भेट्नुभएको थियो ।

# दक्षिण कोरियाली राष्ट्रपति युनको महाअभियोग सुनुवाइ सुरु

**एएफपी**

सियोल । निलम्बित दक्षिण कोरियाली राष्ट्रपति युन सुक योलको महाअभियोग सुनुवाइ मङ्गलबारदेखि सुरु भएको छ ।

देशको संवैधानिक अदालतले असफल मार्सल ल प्रयासका कारण उहाँलाई राष्ट्रपतिको जिम्मेवारीबाट हटाउने कि नगर्ने भनेर मूल्याङ्कन गर्ने तयारी गरेको छ ।

युनले सांसदहरूलाई नागरिक शासनको निलम्बनलाई मतदान गर्नबाट रोक्न असफल प्रयासमा सेनाहरूलाई संसद्मा आक्रमण गर्न निर्देशन दिनुभएपछि उहाँको डिसेम्बर ३ को सत्ता कब्जाले दक्षिण कोरियालाई दशकौँको सबैभन्दा खराब राजनीतिक सङ्कटमा धकेल्यो ।

त्यसपछि उहाँमाथि तुरुन्तै महाअभियोग लगाइयो र कर्तव्यबाट निलम्बन गरियो । तर त्यसयता उहाँ विद्रोहको आरोपमा अनुसन्धान गर्ने अधिकारीहरूको समन अस्वीकार गर्दै र पक्राउबाट बच्न राष्ट्रपतीय सुरक्षा टोलीको प्रयोग गर्दै आफ्नो निवासमै लुकेर बस्नुभएको छ ।

सांसदहरूले गत महिना युनको कार्यवाहकमाथि पनि महाअभियोग लगाएपछि यसले देशलाई थप राजनीतिक अस्थिरतामा पुर्‍यायो र हालका कार्यवाहक राष्ट्रपति यस गतिरोधमा हस्तक्षेप गर्न अनिच्छुक देखिनुभएको छ । बरु सबै पक्षलाई समाधानका लागि वार्ता गर्न उहाँले आग्रह गरिरहनुभएको छ ।

सुनुवाइका पाँचमध्ये पहिलो बैठक अपराह्न २:०० बजे (०५०० जिएमटी) सुरु हुने तालिका छ । अन्य बैठकहरू जनवरी १६, २१, २३ र फेब्रुअरी ४ मा हुनेछन् ।

युनको सैनिक शासनको घोषणा असंवैधानिक थियो कि थिएन र यो गैरकानूनी थियो कि थिएन भन्नेबारे अदालतले मुख्यतया दुई विषयमा निर्णय गर्नेछ ।

# सुन्दरहरैँचामा थारू संस्कृतिको संरक्षण गर्न महोत्सव



सुन्दरहरैँचा । जिल्लाको सुन्दरहरैँचा नगरपालिका-४ रहेको थारू सांस्कृतिक सङ्ग्रहालयको आयोजनामा आजदेखि माघ ७ गतेसम्म 'माघी महोत्सव' हुने भएको छ। माघेसङ्क्रान्ति पर्वका अवसरमा नगरको दुलारीस्थित हवेली टोलमा रहेको थारू सङ्ग्रहालय परिसरमा साताव्यापी महोत्सव हुन लागेको हो।

'कृषि, उद्योग, व्यापार र पर्यटनको समृद्धि-सभ्यता पहिचानसहितको संस्कार र संस्कृति' भन्ने मूल नाराका साथ आजदेखि महोत्सव सुरु भएको महोत्सवका संयोजक तेजनारायण चौधरीले जानकारी दिनुभयो । उहाँका अनुसार महोत्सवमा थारू खानपिन, परिकार, प्रदर्शनीएवं बिक्री, थारू सीप हस्तकला, प्रदर्शनीलगायत करिब ७० भन्दाबढी कक्ष रहन छन् ।

संयोजक चौधरीले माघेसङ्क्रान्तिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गरी थारू संस्कृतिको संरक्षण, सम्वर्द्धन साथै प्रवर्द्धनन गर्ने उद्देश्यका साथ महोत्सव आयोजना गरिएको बताउनुभयो। "महोत्सवमा ४० वटा औद्योगिक, ३० वटा खानपिनको कक्ष छन्", उहाँले भन्नुभयो, "स्थानीय तथा राष्ट्रियस्तरका कलाकार हरूको प्रस्तुतिलाई विशेष प्राथमिकता दिएका छौँ।"

महोत्सवमा थारू सांस्कृतिक झाँकी र्‍याली प्रदर्शन, सांस्कृतिक प्रस्तुति, खानपिन प्रदर्शनी एवं बिक्री, थारू सीप हस्तकला प्रदर्शनलगायत रहेका छन् । साथै कृषि, उद्योग, व्यापार, पर्यटन, शैक्षिक क्षेत्र, आइटी, होटेलका प्रदर्शनी कक्ष, मनोरञ्जनात्मक खेल रहेका सङ्ग्रहालयका अध्यक्ष चिन्तिलाल चौधरीले जानकारी दिनुभयो । उहाँले थारू सङ्ग्रहालयमा थारू संस्कार तथा संस्कृति झल्किने सामग्रीहरू राखिएका उल्लेख गर्नुभयो ।

सङ्ग्रहालयका अध्यक्ष चौधरीले भन्नुभयो, "हामीले यो सङ्ग्रहालयलाई थारू जातिको सभ्यता, संस्कार, संस्कृति आदिको अध्ययन गर्ने केन्द्र बनाउने उद्देश्य राखेका छौँ। उद्देश्य पूरा गर्न हामीलाई स्थानीय र प्रदेश सरकारको साथ सहयोग आवश्यक छ।"


महोत्सवको व्यवस्थापनका लागि करिब रु ६० लाख खर्च आयोजकको अनुमान छ। दैनिक रु ५० लाखदेखि रु एक करोडसम्मको व्यापार हुनुका साथै दैनिक १० हजारले मेला अवलोकन गर्ने अनुमान गरिएको अध्यक्ष चौधरीले बताउनुभयो । महोत्सवमा शारीरिक रूपमा अशक्त साथै विद्यालयका विद्यार्थीका लागि साँझ ५ बजेसम्म प्रवेश निःशुल्क गरिएको आयोजकले जनाएको छ।

थारू जातिको संस्कार, संस्कृति, सभ्यता चिनाउनुका साथै भावी पिँढीका लागि पुरातात्यिक सम्पदा पहिचान गराउने उद्देश्यले स्थापित थारू सङ्ग्रहालयले महोत्सवबाट आम्दानी भएको रकमलाई थारू सांस्कृतिक सङ्ग्रहालयको भवन निर्माणसहित आवश्यक सामग्रीको खरिद गर्ने योजना बनाएको सुन्दरहरैँचा-४ का वडाध्यक्ष कैलाश बस्नेतले बताउनुभयो।

थारू सांस्कृतिक सङ्ग्रहालयको स्थापना गर्न स्थानीय सरकारकोतर्फबाट सहयोग र आवश्यक समन्वय गरिने सुन्दरहरैँचा नगरपालिकाका उपप्रमुख अकली चौधरीले बताउनुभयो। उहाँले नगरपालिकाले सांस्कृतिक सङ्ग्रहालयको जग्गा घेराबारका लागि रु १० लाख बजेट छुट्याएर काम सम्पन्न भएको जनाउँदै सङ्ग्रहालय निर्माणका लागि थप रु २० लाख बजेट छुट्याएको उल्लेख गर्नुभयो।

विसं २०७८ को राष्ट्रिय जनगणनाअनुसार सुन्दरहरैँचा नगरपालिकाको जनसंख्या एक लाख २० हजार दुई सय १३ रहेकामा यहाँ थारू जातिको जनसंख्या ३३ हजार सात सय ७९ रहेको छ।रासस

# तरुलबाट बनाइएको मम, पकौडा अवलोकनकर्ताको रोजाइमा



झापा । माघे सङ्क्रान्तिका अवसरमा मेचीनगर नगरपालिकाको वडा नं ४ बाहुनडाँगीमा आयोजित तरुल महोत्सव नेपाल र भारतका परम्परागत उत्पादन अवलोकनकर्ताको आकर्षण बनेको छ।

मेचीनगर नगरपालिकाद्वारा आयोजित तीन दिवसीय उक्त महोत्सव तरुललगायत खानेकुरा र ग्रामीण उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव सञ्चालन हुँदै आएको मेचीनगर-४ का वडाध्यक्ष अर्जुन कार्कीले जानकारी दिनुभयो। उहाँका अनुसार महोत्सवमा भारतका चारवटासहित ३५ वटा प्रदर्शनी कक्ष रहेको छभने तीन दिनमा रु ५० लाखबराबरको कारोबार गर्ने अपेक्षा गरिएको छ।

भारतस्थित पश्चिम बङ्गालका पर्यटन अभियन्ता राज बसु नेपालमा ग्रामीण पर्यटनको प्रचुर सम्भावना रहेको धारणा व्यक्त गर्दै तरुल महोत्सवले दुवै देशको ग्रामीण भेगमा उत्पादित उत्पादनको बजारीकरणमा सहयोग पुर्याउने बताउनुहुन्छ।

महोत्सवमा तरुलका विभिन्न प्रजाति बिक्रीका लागि राखिएका छन्भने तरुलबाट बनाइएको स्टिम मःम, पकौडा, छोयला, साँधेको अचार, तारेको फुरौलालगायत परिकार महोत्सवको आकर्षण बनेको छ । सिमल तरुल, घर तरुल, वन तरुल, सुठुनी तरुल, पताले तरुल, पिडालु, कच्छुलगायत विभिन्न प्रकारका तरुल बिक्रीमा राखिएको छ । त्यस्ता प्रदर्शनी कक्षमा ग्राहकको घुइँचो लाग्ने गरेको स्थानीय ग्रिन जेनेरेसनका महासचिव मञ्जिल देवानले बताउनुभयो।

बाहुनडाँगीको हात्तीमैत्री किसान समूहले उत्पादन गरेको बेल्चनाको चाना, कोदोको पिठो, तामाको मेसु, मोरिङ्गाको पिठो, किम्बुको वाइन, रातो केराको बिरुवा, मरिच, सुपारी र तेजपत्ताको बिरुवा महोत्सवमा छुट्टै स्टलमा राखिएको समूहका अध्यक्ष देवीप्रसाद आचार्यले बताउनुभयो।

ओखलढुङ्गाको कुसुम राडीपाखी उद्योगले भेडाको ऊनबाट बनेका रु तीन हजार पाँच सयदेखि नौ हजार पाँच सयसम्म मूल्य पर्ने विभिन्न आकारका राडी बिक्रीका लागि महोत्सवमा ल्याएको उद्योगका सञ्चालक भक्तबहादुर गुरुङले जानकारी दिनुभयो। उहाँले विगतको पहिलो र दोस्रो तरुल महोत्सवमा समेत सामान ल्याएर उल्लेख्य व्यापार गरेको बताउनुभयो।

मेचीनगरको साँवा भेराइटिजले आदिवासी जनजातिको सांस्कृतिक पहिचानसँग जोडिएका दुर्लभ बिनायो, चिन्डोलगायत सामान महोत्सवमा राखेको छ । राई जातिको लोगो, चिन्डो र बाँसको बिनायो रु एक हजार मूल्यमा बिक्री भइरहेको प्रोपाइटर नन्दमाया लिम्बूले बताउनुभयो । हिमालयन महिला साझेदारी अचार तथा खाद्यान्न उद्योगले मेचीनगर-२ मा उत्पादित १३ प्रकारका अचार स्टलमा राखेको सञ्चालक लीला रिजाल खड्काले जानकारी दिनुभयो।रासस

> भारतस्थित पश्चिम बङ्गालका पर्यटन अभियन्ता राज बसु नेपालमा ग्रामीण पर्यटनको प्रचुर सम्भावना रहेको धारणा व्यक्त गर्दै तरुल महोत्सवले दुवै देशको ग्रामीण भेगमा उत्पादित उत्पादनको बजारीकरणमा सहयोग पुर्याउने बताउनुहुन्छ ।

# अमेरिकी डलरको भाउ बढ्यो



काठमाण्डु। नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। निर्धारित विनिमयदर अनुसार अमेरिकी डलरको भाउ वृद्धि भई हालसम्मकै उच्च बिन्दुमा पुगेको छ। अमेरिकी डलर बलियो बन्दा अन्य विदेशी मुद्राको मूल्य पनि मंगलबार वृद्धि भएको छ।

अमेरिकी डलर एकको खरिददर एक सय ३८ रुपैयाँ २३ पैसा र बिक्रीदर एक सय ३८ रुपैयाँ ८३ पैसा कायम भएको छ। तोकिएको विनिमयदर अनुसार युरोपियन युरो एकको खरिददर एक सय ४० रुपैयाँ ८६ पैसा र बिक्रीदर एक सय ४१ रुपैयाँ ४७ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर एक सय ६७ रुपैयाँ ५९ पैसा र बिक्रीदर एक सय ६८ रुपैयाँ ३२ पैसा, स्विस फ्र्याङ्क एकको खरिदर एक सय ५० रुपैयाँ ७७ पैसा र बिक्रीदर एक सय ५१ रुपैयाँ ४२ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिदर ८४ रुपैयाँ ९८ पैसा र बिक्रीदर ८५ रुपैयाँ ३५ पैसा, क्यानेडियन डलर एकको खरिदर ९५ रुपैयाँ ८० पैसा र बिक्रीदर ९६ रुपैयाँ २२ पैसा, सिङ्गापुर डलर एकको खरिदर एक सय रुपैयाँ ५६ पैसा र बिक्रीदर एक सय एक रुपैयाँ निर्धारण गरिएको राष्ट्र बैंकले जनाएको छ।

जापानी येन १० को खरिदर आठ रुपैयाँ ७९ पैसा र बिक्रीदर आठ रुपैयाँ ८२ पैसा, चिनियाँ युआन एकको खरिदर १८ रुपैयाँ ८५ पैसा र बिक्रीदर १८ रुपैयाँ ९३ पैसा, साउदी अरेबियन रियाल एकको खरिदर ३६ रुपैयाँ ८२ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९८ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ९२ पैसा र बिक्रीदर ३८ रुपैयाँ आठ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिदर तीन रुपैयाँ ९७ पैसा र बिक्रीदर तीन रुपैयाँ ९९ पैसा, युएई दिराम एकको खरिदर ३७ रुपैयाँ ६३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ८० पैसा, मलेसियन रिङ्गेट एकको खरिदर ३० रुपैयाँ ६५ पैसा र बिक्रीदर ३० रुपैयाँ ७८ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ३९ पैसा र बिक्रीदर नौ रुपैयाँ ४३ पैसा, स्विडिस क्रोनर एकको खरिदर १२ रुपैयाँ २५ पैसा र बिक्रीदर १२ रुपैयाँ ३० पैसा र डेनिस क्रोनर एकको खरिदर १८ रुपैयाँ ८८ पैसा र बिक्री दर १८ रुपैयाँ ९६ तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिदर १७ रुपैयाँ ७५ पैसा र बिक्रीदर १७ रुपैयाँ ८३ पैसा, कुवेती दिनार एकको खरिदर चार सय ४७ रुपैयाँ ५२ पैसा र बिक्रीदर चार सय ४९ रुपैयाँ ४६ पैसा, बहराइन दिनार एकको खरिदर तीन सय ६६ रुपैयाँ ६७ पैसा र बिक्रीदर तीन सय ६८ रुपैयाँ २६ पैसा, ओमनी रियाल एकको खरिदर तीन सय ५९ रुपैयाँ ०६ पैसा र बिक्रीदर तीन सय ६० रुपैयाँ ६२ पैसा तय भएको छ। यस्तै, भारतीय रुपैयाँ एक सयको खरिदर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। रासस

# यस्तो छ तरकारी र फलफूलको थोक मूल्य



काठमाण्डु। कालिमाटी फलफूल तरकारी विकास समितिले मङ्गलबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । मंगलबार गोलभेँडा ठूलो (भारतीय) प्रतिकेजी रु ७०, गोलभेँडा सानो (लोकल) प्रतिकेजी रु २५, गोलभेँडा सानो (भारतीय) प्रतिकेजी रु ३५, गोलभेँडा सानो (तराई) प्रतिकेजी रु ३५, आलु रातो प्रतिकेजी रु ४८, आलु रातो (भारतीय) प्रतिकेजी रु ४४, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ६८, गाजर (लोकल) प्रतिकेजी रु ८०, गाजर (तराई) प्रतिकेजी रु ७०, बन्दा (लोकल) प्रतिकेजी रु ३०, बन्दा (तराई) प्रतिकेजी रु २०, बन्दा (नरिवल) प्रतिकेजी रु ३०, काउली स्थानीय प्रतिकेजी रु २५, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु ३०, काउली (तराई) प्रतिकेजी रु २०, मूला रातो प्रतिकेजी रु ३०, मूला सेतो (लोकल) प्रतिकेजी रु ३५, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ४०, भन्टा लाम्चो प्रतिकेजी रु ३५, भन्टा डल्लो प्रतिकेजी रु ५० कायम भएको छ।

यसैगरी, मकै बोडी प्रतिकेजी रु ७०, मटरकोसा प्रतिकेजी रु ९०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ७०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ७९, घिउ सिमी (राजमा) प्रतिकेजी रु ८०, टाटे सिमी प्रतिकेजी रु ४०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ५०, परवर (तराई) प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १००, सखरखण्ड प्रतिकेजी ७०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु ९०, स्कूस प्रतिकेजी रु ४०, रायो साग प्रतिकेजी रु २०, पालुङ्गो साग प्रतिकेजी ६०, चमसुरको साग रु ६०, तोरीको साग प्रतिकेजी रु ४०, मेथीको साग प्रतिकेजी रु ६०, प्याज हरियो प्रतिकेजी रु ६०, बकुला प्रतिकेजी रु ८०, तरुल प्रतिकेजी रु १२०, च्याउ (कन्य) प्रतिकेजी रु ११०, च्याउ (डल्ले) प्रतिकेजी रु ३८० निर्धारण गरिएको छ।

ब्रोकाउली प्रतिकेजी रु ३०, चुकुन्दर प्रतिकेजी रु ९०, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु ७०, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु ८०, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्द्रुक प्रतिकेजी रु ३०० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १७०, कागती प्रतिकेजी रु १४०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २४०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १३०, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, काँक्रो (लोकल) प्रतिकेजी रु १४०, काक्रो (हाइब्रिड) प्रतिकेजी रु ९०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २५०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु ११०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किबी प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ७० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकेजी रु १२०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ९०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ६०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु ८०, लसुन हरियो प्रतिकेजी रु १३०, हरियो धनिया प्रतिकेजी रु ६०, लसुन सुकेको चाइनिज प्रतिकेजी रु ३००, लसुन सुकेको नेपाली प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १५०, छ्यापी हरियो प्रतिकेजी रु २५०, ताजा माछा (रहु) प्रतिकेजी रु ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रु २६०, ताजा माछा (छडी) प्रतिकेजी रु २६०, ताजा माछा (मुङ्गरी) प्रतिकेजी रु ४५०, रुख टमाटर प्रतिकेजी १६०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ।रासस


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/१०/०२ गते)

यस संस्थाको तपशिलको उल्लेखित ऋणी सदस्यले उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकमतिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थालाई तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनु हुन सम्बन्धीत ऋणी सदस्य, धितो धनि र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस संस्था लाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस संस्था को सम्पूर्ण लेना रकम असुलउपर नभएमा वा कथमकथाचित धितोवाट असुल उपर हुन नसके वा असुलउपर नभएमा ऋणी सदस्यको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुलउपर गरी लिने तथा ऋणी सदस्य तथा जमानीकर्ताहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ।

**१) ऋणी संदस्यको नाम : अरुण कुमार मण्डल**
**हालको ठेगाना : बघचौडा-०८**

**ऋणी ,जमानी तथा घरपरिवार लगायत धितोको विवरण**

१) नाम : अरुण कुमार मण्डल (**ऋणी**)
बुबाको नाम : राम रतन मण्डल
बाजेको नाम : वासुदेव मण्डल
ना प्र नं. : २५१९२५२९
ठेगाना : बघचौडा-०८



२) नाम : प्रमिला देवी मण्डल (**जमानी**)
श्रीमानको नाम : अरुण कुमार मण्डल
सासुराको नाम : राम रतन मण्डल
ना प्र नं. : १७३०९८/१५२
ठेगाना : बघचौडा-०८



३) नाम : मुकेश कुमार मण्डल (**छोरा**)
बाबु : अरुण कुमार मण्डल
बाजे : राम रतन मण्डल
ना प्र नं. : १७१०६८/५०४
ठेगाना : बघचौडा-०८



४) नाम : राजेश कुमार मण्डल (**छोरा**)
बाबु : अरुण कुमार मण्डल
बाजे : राम रतन मण्डल
ना प्र नं. : १७१०६८/२२९
ठेगाना : बघचौडा-०८



**धितोको विवरण**
धितोधनिको नाम :- अरुण कुमार मण्डल
जिल्ला :- धनुषा
गा.वि.स :- बघचौडा-०८ क
कित्ता नं.र क्षेत्रफल
१ )८०८ :०-०-४-०
२)८०९ :०-०-८-०
३) ८४७ :०-०-६-०.७५

**२) ऋणी संदस्यको नाम : प्रमेश्वरी देवी**
**हालको ठेगाना : नक्टाझिझ-०८**

**ऋणी ,जमानी तथा घरपरिवार लगायत धितोको विवरण**

१) नाम : प्रमेश्वरी देवी (**ऋणी**)
श्रीमानको नाम :सुर्यदेव महतो
सासुराको नाम : विल्टु महतो कोईरी
ना प्र नं. : ६४४०२००७
ठेगाना : नक्टाझिझ-०८



२) नाम : सुर्यदेव महतो (**जमानी**)
बुबाको नाम : बुल्न महतो
बाजेकोको नाम : विल्टु महतो कोईरी
ना प्र नं. : ६४४०२३५०
ठेगाना : नक्टाझिझ-०८

३) नाम : हरिदेव कुमार महतो (**छोरा**)
बुबाको नाम :सुर्यदेव महतो
बाजेकोको नाम : विल्टु महतो कोईरी
ना प्र नं. : १७०१७४०२४०६
ठेगाना : नक्टाझिझ-०८



४) नाम : अजय कुमार महतो (**छोरा**)
बुबाको नाम :सुर्यदेव महतो
बाजेकोको नाम : विल्टु महतो कोईरी
ना प्र नं. : १७०१७४०२४११
ठेगाना : नक्टाझिझ-०८



धितोधनिको नाम :- प्रमेश्वरी देवी
जिल्ला :- धनुषा
गा.वि.स :- नक्टाझिझ-०८
कित्ता नं.र क्षेत्रफल
१ )१६०५ :०-०-९-९
२)१६०८ :०-०-०-७

**३) ऋणी संदस्यको नाम : रामदेव मण्डल**
**हालको ठेगाना : लोहना-०३**

**ऋणी ,जमानी तथा घरपरिवार लगायत धितोको विवरण**

१) नाम : रामदेव मण्डल (**ऋणी**)
बुबाको नाम : मौजे मण्डल
बाजेको नाम : सोनैलाल मण्डल
ना प्र नं. : ५२६५२९७७
ठेगाना : लोहना-०३



२) नाम : समुन्द्री देवी (**श्रीमति**)
श्रीमानको नाम : रामदेव मण्डल
सासुराको नाम : मौजे मण्डल
ना प्र नं. : ५२६४३१४५
ठेगाना : लोहना-०३



धितोधनिको नाम :- रामदेव मण्डल
जिल्ला :- धनुषा
गा.वि.स :- लोहना-०३ क
कित्ता नं.र क्षेत्रफल
१ )५२४ :०-०-१७ १२

१) नाम : ललिता देवी मण्डल (**बुहारी**)
श्रीमानको नाम : दिलिप मण्डल
सासुराको नाम : रामदेव मण्डल
ना प्र नं. : १७१०६२/१८०
ठेगाना : लोहना-०३



१) नाम : बिमलेश कुर मण्डल (**नाती**)
बुबाको नाम : दिलिप मण्डल
बाजेको नाम : रामदेव मण्डल
ना प्र नं. : १७०१७२०८५९४
ठेगाना : लोहना-०३



१) नाम : अकलेश कुमार मण्डल (**नाती**)
बुबाको नाम : दिलिप मण्डल
बाजेको नाम : रामदेव मण्डल
ना प्र नं. : १७०१७४०६१३३
ठेगाना : लोहना-०३



**रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
भानु चोक, जनकपुरधाम उ.म.न.पा.-२, धनुषा

# कमला पुल नहुँदा सर्वसाधारणलाई सास्ती

**टुडे समाचारदाता**


जनकपुरधाम । उद्घाटन नहुँदै भासिएपछि वर्षौंदेखि कमला नदीको पुल अलपत्र अवस्था रहँदा लाखौ नागरिकले सास्ती भोग्नु परेको छ ।

धनुषा-सिरहाको सिमानामा पर्ने कमला नदीको पुल अभावमा यस क्षेत्रका स्थानीयले पुस्तौंदेखि भोग्दै आएको पीडा अझैसम्म पनि भोग्न बाध्य छन् ।

हुलाकी राजमार्ग अन्तर्गत राजधानी जनकपुरधाम मात्र ४० किलोमिटरको दुरीमा पर्छ । तर कमला पुल नबन्दा महेन्द्र राजमार्ग भएर जनकपुरधाम पुग्नुपर्ने बाध्यता हुनु परेको छ ।

आसपासका नागरिकलाई नदी पार गर्न अहिले अस्थायी बाँसको पुलको सहारा छ। यसका लागि प्रतिदिन प्रति मोटरसाइकल २० रुपैयाँ तिर्न बाध्य छ ।

सिरहा नगरपालिकाले सर्वसाधारणका लागि निःशुल्क



रहेको 'लाइफ लाइन' कमला पुल चार सय ७० मिटर लामो छ। पूर्व पश्चिम हुलाकी राजमार्ग अन्तर्गत धनुषा र सिरहाको सिमाना भएर बग्ने कमला नदीमा १३ वर्ष अघि सुरु भएको पुल निर्माणको काम अझै पुरा हुन सकेको छैन । पुल अभावमा यस भेगका नागरिकलाई आउजाउ गर्न डुंगाको सहारा लिनुपर्ने बाध्यता छ भने हिउँदमा अस्थायी बाँसको पुलको भरमा रहने गरेका छन् ।

हुलाकी राजमार्ग लगभग तयारी अवस्थामा पुगेपनि लामो समयसम्म कमला पुल निर्माण नभएपछि त्यसको प्रत्यक्ष मार विकास निर्माणमा समेत परेको छ।

कमला नदीमा पुल नबन्दा जनकपुरधाम-सिरहाको दूरी छोटिन सकेको छैन । सिरहा सदरमुकामबाट मधेश प्रदेशको गर्नुपर्ने यो अस्थायी पुल बनाएर १५ लाख ७५ हजार रुपैयाँमा ठेक्का लगाएको छ ।

सोही ठाउँबाट प्रत्येक दिन आउजाउ गर्ने जनकनन्दनी गाउँपालिकाका राकेश कामतले अस्थायी बाँसको पुल बनाएर सरकारले सेवा दिइरहेपनि यसलाई निःशुल्क गर्नुपर्ने बताए।

यस पुल निर्माणको माग गर्दै यस अघि पनि धनुषा र सिरहाका नागरिक कयौं पटक आन्दोलित भएका थिए । सरकारको लापरबाही र ठेकेदारको ढिला सुस्तीका कारण पुल निर्माण नभएपछि सरकारलाई दबाब दिन भदौंमा स्थानीय युवाहरुको एक समूहले मुख्यमन्त्रीको कार्यालय अगाडि ४ दिन सम्म अनसनमै बसेका थिए।

# बर्दिवासमा रामजानकी फनपार्क निर्माण हुँदै



**टुडे समाचारदाता**

बर्दिवास । मधेश प्रदेशको गौरवको आयोजनाको रुपमा मानिएको बर्दिवासस्थित रामजानकी फनपार्क निर्माण हुने भएको छ। बर्दिवास नगरपालिकाले वडा नम्बर १४ स्थित रातु नदीको तटवर्ती क्षेत्रमा रामजानकी फनपार्क निर्माणका लागि जग्गा व्यवस्थापन प्रक्रिया अघि बढाइएको छ।

मेयर प्रहलाद क्षेत्रीले बर्दिवासको पहिचान, पर्यटन र संस्थागत विकाशमा टेवा पुऱ्याउने उद्देश्यले रामजानकी फन पार्क निर्माणको योजना अघि सारेको बताए।

रातु किनाराको ४० विघा क्षेत्रफलमा निर्माण हुने रामजानकी फन पार्कको प्रारम्भिक लागत ४२ करोड रुपैयाँ अनुमान रहेको छ।

सोका लागि नगरपालिकाले जग्गा व्यवस्थापनको औपचारिक प्रक्रिया शुरु गरिसकेको छ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीका अनुसार फनपार्क निर्माणका लागि आवश्यक ३९ बिघा जग्गामध्ये ३६ विघा ऐलानी र सवा ३ बिघा जति नम्बरी जग्गा छन् । नम्बरी जग्गा अधिग्रहणका लागि नगरपालिकालेसार्वजनिक सूचना प्रकाशित गरी प्रक्रिया अघि बढाइसकेको उनले बताए।

ऐलानी जग्गा उपयोगका लागि पनि बर्दिवास मालपोत कार्यालयमार्फत प्रक्रिया शुरु भइसकेको छ। मालपोतबाट जिल्ला प्रशासन र अभिलेख विभाग हुँदै मन्त्रिपरिषद्को निर्णयले यसको टुंगो लाग्छ । त्यसपछि मालपोत र नगरपालिकाबिच जग्गा अधिग्रहणका लागि सम्झौता हुने कानुनी प्रावधान छ।

उनले भन्नुभयो, "जग्गा अधिग्रहणका लागि बर्दिवास मालपोतमार्फत प्रक्रिया अघि बढी सकेकाले सम्भवतः केही समयपछि नै हामी संरचना निर्माण सुरु हुनेछ।"

उनले आफैँमा महत्वाकांक्षी योजना मानिएको यो पार्कको डिपिआर पनि तयार भइसकेको बताए।

ग्रीन टेक कन्सलटेन्ट प्रालिले तयार पारेको डिजाइन अनुसार पार्कमा जनकपुरधामको प्रसिद्ध जानकी मन्दिरलाई प्रतीकात्मक रुपमा डिजाइन गरिएको छ। यसैको महत्त्व दर्शाउन पार्कको नाम नै 'रामजानकी' राखिएको छ।

यसका साथै जलक्रीडाका लागि वाटर फन पार्क, वनवाटिका (बोटानिकल पार्क), बाल मनोरञ्जन, सांस्कृतिक संग्राहालय, रेस्टुरेन्टलगायत मनोरञ्जनका विविध आयाम समायोजन गरिएको डिपिआरमा उल्लेख गरिएको छ।

सार्वजनिक चासो र चर्चाको विषय बनेको रामजानकी फन पार्कलाई एकैपटक ५० हजार पर्यटकले अवलोकन गर्न सकिने कन्सलटेन्टका इन्जिनियर आश्रम श्रेष्ठले बताए। उनका अनुसार फन पार्कको संरचना ५ वर्षभित्र निर्माण सम्पन्न हुने गरी डिजाइन गरिएको छ । पार्कमा विविध मनोरञ्जन, आधुनिक सुविधा र स्वेर परिकल्पनासाथ संरचना डिजाइन गरिएको श्रेष्ठले बताए।

सो परियोजनालाई नगर कार्यसमितिको बैठकले पनि सर्वसम्मत अनुमोदन गरेकाले कार्यान्वयनको चरणमा प्रवेश गरेको उनले बताए।

# तिला संक्रान्तिमा खिचडी भोज

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रत्येक वर्ष झैं यस वर्ष पनि तिला संक्रान्तिको अवसरमा जनकपुरधामका युवाहरूले खिचडी भोजको आयोजना गरेका छन् ।

संस्कृति जोगाउने उद्देश्यका साथ जानकी चोकका युवाहरूको समूहले अंगराज सरको डिलमा खिचडी भोजको आयोजना आएको बताए ।

मिथिला संस्कृतिमा सम्बन्ध विस्तारको अटुट माध्यमको रुपमा रहेको खिचडी भोजलाई आफूहरूले प्रत्येक वर्ष आयोजना गरी युवाहरुको सामूहिक भोजनका साथै भेटघाटको अवसर समेत जुरेको उनले बताए ।

स्थानीय जानकी चोकका युवाहरूको समन्वय



गरेका थिए। विगत १ दशकभन्दा बढी समयदेखि खिचडी भोजको आयोजन गर्दै आएको छ।

मिथिला संस्कृति तथा सनातन धर्म अन्तर्गतको संस्कृतिलाई संरक्षण गर्ने उद्देश्यले सार्वजनिक रुपमा खिचडी भोजको आयोजना गर्दै आएको युवा अभियन्ता सुशील कर्णले जानकारी दिए। उनले भाइचारा र संस्कृतिलाई जोगाउनका लागि समेत सो भोजको आयोजन हुँदै तथा सहकार्यमा खिचडी भोजको आयोजना हुँदै आएको अभियन्ता कर्णले बताए ।

भोजमा सहभागीहरूलाई खिचडी, पापड, अचार, दही, तील, महीलगायतका परिकार खुवाइएको थियो ।

भोजमा विभिन्न राजनीतिक दलका नेता, उद्योगी, व्यापारी, स्थानीयवासी, नागरिक समाज, र समाजसेवीसमेतको सहभागिता रहेको थियो ।

# रौतहटमा मृत भेटिएको चितुवाको अनुसन्धान गरिने

**टुडे समाचारदाता**

रौतहट । रौतहटको बलेरीको नहरमा एक चितुवा मृत अवस्थामा फेला परेपछि प्रहरीले अनुसन्धान थालेको छ।

चितुवाको मुखबाट रगत आएको कारण चोरी शिकारीले मारेको हुन सक्ने भन्दै अनुसन्धान थालिने जनाइएको छ।

तर कतिपय स्थानीयवासीको भनाइ अनुसार चितुवा नहरको पानीले बगाएर ल्याएको अवस्थामा फेला परेको बताइन्छ।

स्थानीयवासी रुपनारायण पटेलले दिएको जानकारी अनुसार वृन्दावन नगरपालिका-१ स्थित बलेरीको नहरबाट कृषकको खेतसम्म आइपुगेको थियो । तर डिभिजन वन कार्यालय रौतहटले



शिकारीले मारेको नभइ आफैं मरेको बताइएको छ।

चितुवाको प्रकृति हेर्दा कालगतीले मरेको देखिएको डिभिजन वन कार्यालय रौतहटका निमित्त प्रमुख राम गणेश साहले जानकारी दिए । सो विषयमा अनुसन्धान गरिने उनले बताए।

मरेको चितुवालाई स्थानीय प्रशासन र जनप्रतिनिधिको रोहबरमा खाडल खनेर पुरिएको बताइन्छ।


# सरकारी गाडीको ठक्करबाट दुई जना गम्भीर घाइते

**टुडे समाचारदाता**

राजविराज । हुलाकी सडकखण्ड अन्तर्गत सप्तरीको बोदेबर्साइन नगरपालिका- ५ स्थित विद्युत प्राधिकरण कार्यालय नजिकै मंगलबार बिहान स्कारपियोको ठक्करले मोटरसाइकल सवार दुई जना गम्भीर घाइते भएका छन् ।

घाइते हुनेहरुमा को.३० प. २७३७ नम्बरको मोटरसाइकल चालक बोदेबर्साइन नगरपालिका-१ का १५ वर्षीय राजेशकुमार यादव र मोटरसाइकलको पछाडी सवार सोही वडाका २० वर्षीय अमितकुमार यादव छन् ।

दुबै जनालाई स्थानीय जिवन ज्योति अस्पतालमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि धरानस्थित बीपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको प्रहरीले जनाएको छ।



ठक्कर दिने स.१झ. ४८१ नम्बरको गाडी राजविराज नगरपालिकाको रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए। बिहान १० बजेतिर भएको घटना लगत्तै भागेको गाडीलाई प्रहरीले एक किलोमिटर टाढा चन्ही क्षेत्रबाट नियन्त्रणमा लिएको थियो।

चालकबिनोदसाहलेचलाइरहेको सो गाडीमा राजविराज नगरपालिकाका एक वडा अध्यक्षसहित चार/पाँच जना सवार रहेको र तीब्रगतिका कारण साइड दिने क्रममा अनियन्त्रित भइ मोटरसाइकलमा ठोकिएको स्थानीयको भनाइ छ । घटनापछि चालक गाडीबाट फरार भएको र उनको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

बिदाको दिन सरकारी गाडीको दुरुपयोग भएको भन्दै स्थानीयले सो विषयमा पनि अनुसन्धान हुनुपर्ने माग गरेका छन् । सार्वजनिक बिदाका दिन के कुन प्रयोजनका लागि सरकारी गाडी प्रयोग गरिरहेको हो र दुर्घटनाबाट हुन गएको क्षति कसले बुझाउने हो यसबारे पनि नगरवासीले प्रश्न उठाएका छन् ।

द ु घ ि ट न ा म ा नगरपालिकाको गाडीको अग्रभाग तथा मोटरसाइकलको पुरै भाग क्षतिग्रस्त भएको छ । त्यस्तै गम्भीर घाइते भएका दुई जनाको उपचारमा समेत मोटो रकम खर्च हुने भन्दै स्थानीयले यसबारे आवश्यक अनुसन्धान गरी सार्वजनिक बिदाका दिन सरकारी गाडीको दुरुपयोग गर्ने जनप्रतिनिधिबाट क्षतिपुर्ति भराउनु पर्ने माग समेत गरेका छन्।

# बालकको सकुशल उद्धार, तीनजना पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा अपहरणमा परेका एक बालकको उद्धारसहित प्रहरीले तीनजनालाई पक्राउ गरेको छ।

जिल्लाको ब्रम्हपुरी गाउँपालिका वडा नम्बर ४ स्थित एक घरबाट प्रहरीले १५ वर्षीय भारतीय बालकको उद्धार गरेको छ। बालकको सकुशल उद्धार गरी परिवारजनको जिम्मा लगाइएको सर्लाही प्रहरीले जनाएको छ।

यसैबीच सर्लाही प्रहरीले बालकको अपहरण गरेको आरोपमा घरका साहुसहित तीनजनालाई पक्राउ गरेको जनाएको छ। पक्राउ पर्नेहरुमा घर साहु ब्रम्हपुरी गाउँपालिका-४ का ६८ वर्षीय रामजी साह, स्थानीय १९ वर्षीय बिक्रम पासवान र



भारतको बिहार राज्य जिल्ला सितामढी राजवाडा ग्रामपञ्चायत मुसहर्नीया टोलका २७ वर्षीय प्रवचन साह रहेका छन्।

सर्लाही प्रहरीका प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठका अनुसार उनीहरुको साथबाट कटुवा पेस्तोल १ थान, गोली २ राउण्ड, मोबाइल १ थान, धारिलो चक्कु १ थान, हतौडा १ थान र बी.आर. ०६बीटी २८५० नम्बरको मोटरसाइकल समेत बरामद गरेको छ।

पक्राउ परेकाहरुमाथि अपहरण, शारीरिक बन्धक तथा हातहतियार खरखजाना सम्बन्धी कसुरमा सर्लाही जिल्ला अदालत मलंगवाबाट सात दिनको म्याद अनुमति लिएर थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

# जाडोयाममा साधुलाई न्यानो कपडा

**टुडे समाचारदाता**

लहान । जाडोयाममा साधु सन्तलाई बिहान भोजन गराएर लायन्स क्लब अफ फूलबारी लहानले न्यानो कपडा वितरण गरेको छ।



जिल्लाको लहान नगरपालिका-७ स्थित दुर्गा मन्दिरको अगाडि स्थानीय ८० जना विपन्न बालबालिका र साधु सन्तलाई भोजन गराउनुका साथै कपडा वितरण गरिएको क्लबका अध्यक्ष शंकरप्रसाद गुप्ताले जानकारी दिए।

वातावरण स्वास्थ्य शिक्षा र विपन्न समुदायलाई आवश्यक सहयोग गर्दै आइरहेको लहान लायन्स क्लब फूलबारीले मानवीय विपत्तिको समयमा समेत उदाहरणीय काम गरिरहेको लहान-७ का वडाध्यक्ष रामऔतार शर्माले बताए। उनले भने, 'स्थानीय सरकारसँगको सहभागितामा विपन्न असहायलाई सेवा गर्ने कार्यलाई निरन्तरता दिइरहन क्लबको भूमिका सराहनीय रहँदैआएको छ।'

लहानमा विपद् जोखिम नियन्त्रणको लागि लहान नगरपालिकामा रहेको विपद् व्यवस्थापन समिति र लहानका गैर सरकारी संघ संस्थाहरु मिलेर विपन्न समुदायहरुलाई सहयोग पुऱ्याउन सहयोगी कपडा बैंक स्थापना गर्नुपर्ने आवश्यकता रहेको लायन्स क्लब अफ फूलबारीका संस्थापक अध्यक्ष राकेशकुमार झाले बताए।

त्यस्तै थारू कल्याणकारिणी सभा सिरहाले जिल्लाको ६ स्थानमा माघी पर्व महोत्सवको आयोजना गरेर थारु समुदायले आफ्नो भाषा संस्कृतिको पहिचान र विकासका लागि जागृत गर्न लागेको समितिका अध्यक्ष सत्यनारायण चौधरीले बताए।

एनले बताए अनुसार लहान -१५ झ्वाइ खोल्सी, लहान-९ लहानगोठ, लहान-२२ शिश्वनी, लहान-१२ भोटियाटोल र नरहा गाउँपालिकामा महोत्सवको आयोजना गर्न लागिएको छ।

सिराहा जिल्लामा १२१ गाउँमा ३१ हजार जनसंख्या रहेको थारू समुदायले जितिया र माघी पर्वलाई आफ्नो पहिचान सामाजिक र पारिवारिक सुख शान्तिको कामना र प्रार्थना गर्न महोत्सवको आयोजना भइरहेको धनगढीमाई नगरपालिकाका उपप्रमुख संगीता चौधरीले बताइन्।

# अवैध सामग्रीसहित दुईजना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको बडहर्वा प्रहरीले भारतबाट अवैध रुपमा ल्याइँदै गरेको सामग्रीसहित दुई जनालाई पक्राउ गरेको छ। रौतहट प्रहरीले दुवैजनालाई सामग्रीसहित पक्राउ गरेर मंगलबार सार्वजनिक गरेको छ।

प्रहरी चौकी बडहर्वाबाट खटिएको गस्ती टोलीले सोमबार राति दुर्गा भगवती गाउँपालिका-५ स्थित वाग्मती नदी नजिक बिआर ३० डि २३२२ र बिआर ३० एस ३३८३ नम्बरको भारतीय मोटसाइकलमा अवैध रुपमा भन्सार राजस्व छलेर भारतबाट ल्याउँदै गरेको कपडासहित दुर्गाभगवति-५ का किशोरी चौधरी कलवार र नरेश साह तेलीलाई पक्राउ गरिएको रौतहट प्रहरीका प्रहरी निरीक्षक उमाशंकर गुप्ताले जानकारी दिए।

प्रहरी निरीक्षक गुप्ताले भने, 'पक्राउ परेका मानिस र सामानबारे अनुसन्धान भइरहेको छ,' उनले अघि थप्दैं भने, ' भारतबाट अवैध सामान ल्याउने गिरोह पत्ता लगाउने काम हुँदै छ।'

## सेवाग्राहीले सेवा लिँदा ध्यान दिऔं

- सेवाग्राहीले आफूले लिन चाहेको सेवाको बारेमा जानकारी राखौं,
- सेवा प्राप्त गर्दा आवश्यक पर्ने कागजात यकीन गरौं,
- आफूले प्रदान गर्ने सेवाका सम्बन्धमा सेवा प्रदान गर्ने निकायले राखेको नागरिक वडापत्रमा उल्लेखित विषयमा ध्यान दिऊँ,
- सेवा लिन जाँदा कर्मचारीहरुसंग विनम्र व्यवहार गरौं,
- कर्मचारीहरुलाई कुनै अनुचित प्रलोभन नदेखाऔं,
- कर्मचारीले काममा ढिलासुस्ति गरी कुनै माग वा शर्त राखे तत्काल कार्यालय प्रमुख वा सम्बन्धित निकायमा जानकारी गराऔं,
- सेवा प्रवाहसम्बन्धी केही गुनासो भए गुनासो पेटीका वा गुनासो सुन्ने अधिकारी समक्ष राखौं,
- सचेत र सभ्य नागरिकको भूमिका निर्वाह गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८